दमक नगरपालिका, झापा

# स्थानीय राजपत्र

खण्ड :  संख्या : २२  मिति: २०७५।१०।१५

## भाग-२

## दमक नगरपालिका, झापा

**प्रस्तावनाः** सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप देशका कृषक, कालिगढ, श्रमिक, न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको पूजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक उत्थान गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वशासित सङ्गठनको रुपमा सहकारी संस्थाहरुको प्रवर्द्धन, नियमन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट आत्मनिर्भर, दिगो एवं समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्न नेपालको संविधानको धारा ५७ को उपधारा ४, धारा २२१,धारा २२६ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भक

**(१) संक्षिप्त नाम र प्रारम्भ** : १) यस ऐनको नाम **"दमक सहकारी ऐन २०७५"** रहेको छ ।

२) यो ऐन  दमक नगर सभावाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिवाट लागू हुनेछ ।

**(२) परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा;

(क) **"आन्तरिक कार्यविधि"** भन्नाले सहकारी संस्थाको दफा १८ बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनु पर्छ ।

(ख) **"कसूर"** भन्नाले दफा ९९ बमोजिमको कसूर सम्झनु पर्छ ।

(ग) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अर्न्तगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) **"परिवार"** भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु,भाउजू, भाइ,बुहारी र दिदी, बहिनी सम्झनु पर्छ । सो शब्दले अंशबन्डा गरी वा मानो छुटिई आ –आफनो पेशा व्यवसाय गरी बसेको  परिवारको सदस्यलाई जनाउने छैन ।

(ङ) **"प्राथमिक पूँजी कोष"** भन्नाले शेयर पूँजी र जगेडा कोष सम्झनु पर्छ ।

(च) **"बचत"** भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकम सम्झनु पर्छ ।

(छ) **"संघीय मन्त्रालय"** भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने नेपाल सरकारको संघीय मन्त्रालय सम्झनु पर्दछ ।

(ज) **"मुख्य कारोबार"** भन्नाले संस्था वा संघ संचालन गरेको व्यवसायिक क्रियाकलापमा पछिल्लो अवस्थाका वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो अवस्थाका वर्षको सदस्य तर्फको खरीद वा बिक्री कारोबारमा कम्तीमा तीस प्रतिशत भन्दा बढी हिस्सा भएको कारोबार सम्झनु पर्छ ।

(झ) **"रजिष्ट्रार"** भन्नाले दफा ७२ बमोजिम तोकिएको रजिष्ट्रार सम्झनु पर्छ ।

(ञ) **"लेखा सपुरिवेक्षण समिति"** भन्नाले दफा ३७ बमोजिमको लेखा सुपरिवेक्षण समिति सम्झनु पर्छ ।

(ट) **"विनियम"** भन्नाले सम्बन्धित सहकारी संस्थाको दफा १७ बमोजिम बनाएको विनियम सम्झनु पर्छ ।

(ठ) **"शाखा"** भन्नाले दमक नगरपालिका सहकारी शाखा सम्झनु पर्छ ।

(ड) **"शेयर"** भन्नाले सहकारी संस्थाको शेयर पूजीको विभाजित अंश सम्झनु पर्छ ।

(ढ) **"स्थानीय तह"** भन्नाले दमक नगरपालिकालाई सम्झनु पर्दछ ।

(ण) **"संचालक"** भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको पदाधिकारीलाई समेत जनाउनेछ ।

(त) **"सदस्य"** भन्नाले सहकारी संस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(थ) **"समिति"** भन्नाले दफा ३० को उपदफा (१) बमोजिमको संचालक समिति सम्झनु पर्छ

(द) **“सहकारी मूल्य”** भन्नाले स्वावलम्बन, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, ईमान्दारी, खुल्लापन सामाजिक उत्तरदायित्व तथा अरुको हेरचाह लगायत अन्तराष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनु पर्छ ।

(न) **“सहकारी व्यवसाय”** भन्नाले सहकारी संस्थाको विनियममा व्यवस्था भए बमोजिम संचालित व्यावसायिक क्रियाकलाप सम्झनु पर्छ ।

(प) **“सहकारी सिद्धान्त”** भन्नाले स्वैच्छिक तथा खुला सदस्यता, सदस्यद्धारा लोकतान्त्रिक नियन्त्रण आर्थिक सहभागिता, स्वायत्तत्ता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारी सहकारी बीच पारस्परिक सहयोग र समुदाय तथा वातावरण प्रतिको चासो लगायत अन्तराष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्तलाई सम्झनु पर्छ ।

(फ) **“सहकारी संस्था**” भन्नाले संस्था वा संघलाई सम्झनु पर्छ

(ब) **“संघ”** भन्नाले दफा ७ बमोजिम दर्ता भएको जिल्ला विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ, प्रदेश विषयगत सहकारी संघ, प्रदेश सहकारी संघ, केन्द्रिय विषयगत सहकारी संघ र विशिष्टिकृत सहकारी संघ समेतलाई सम्झनु पर्छ र सो शब्दले सोही दफा बमोजिम दर्ता भएको राष्ट्रिय सहकारी महासंघलाई समेतलाई जनाउँछ ।

(भ) **“संस्था“** भन्नाले दफा ३ बमोजिम गठन भई दफा ७ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय संस्था सम्झनु पर्छ ।

(म) **“साधारण सभा”** भन्नाले सहकारी संस्थाको साधारण सभा सम्झनु पर्छ ।

## परिच्छेद-२
## सहकारी संस्थाको गठन तथा दर्ता

**३. संस्थाको गठन**: (१) कम्तीमा तीस जना नेपाली नागरिकहरु आपसमा मिली विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) मा जुनसकै कुरा लेखिएको भए तापनि श्रमिक, युवा लगायतले आफ्नो श्रम वा सीपमा आधारित भई व्यवसाय गर्ने सहकारी संस्थाको हकमा पन्ध्र जना नेपाली नागरिकहरु भए पनि संस्था गठन गर्न सक्नेछन् ।

(३) यस दफा बमोजिम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपदफा (१), (२)मा उल्लेखित संख्या पुगेको हुनु पर्नेछ । तर दफा ७ बमोजिम संस्था दर्ता भइसके पछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधा पर्ने छैन ।

(४) यस दफामा अन्यत्र जुन सुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा संचालित विद्यालय, विश्व विद्यालय वा सङ्गठित संस्थाबाट पारिश्रमिक पाउने पदमा बाहल रहेका कम्तीमा ३० (तीस) जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली प्रचलित कानून बमोजिम दर्ता भएको आफ्नो पेशागत सङ्गठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकीए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

**४. विशिष्टिकृत सहकारी संघको गठन** : (१) **दफा ७** बमोजिम दर्ता भएका कम्तीमा पच्चीस वटा बहुउद्देश्यीय वा विषयगत संस्थाहरुले आपसमा मिली जलविद्युत आयोजना, रासायनिक तथा जैविक मल,

कारखाना, आवासीय परियोजना, यातायात, भारी कृषि उपकरण, फलफूल प्रशोधन, जडिबुटी प्रशोधन, चिनी उद्योग, शीत भणडारण, अस्पताल, शिक्षालय, प्राविधिक शिक्षालय, प्रयोगशाला जस्ता ठूला लगानी चाहिने उत्पादन कार्य गर्न वा सदस्यका साझा आवश्यकताका वस्तु वा सेवाको परिपूर्ति गर्न विशिष्टिकृत सहकारी संघको गठन गर्न सक्नेछन् । यो पूर्ण रुपले व्यावसायिक संस्था हुनेछ । यस्लाई कुनै संघ, महासंघमा चुन्ने र चुनीने अधिकार रहने छैन ।

(२) यसको संचालन सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**५. दर्ता नगरी सहकारी संस्था संचालन गर्न नहुने** : कसैले पनि यस ऐन बमोजिम दर्ता नगरी सहकारी संस्था संचालन गर्न हुदैन ।

**६. दर्ताको लागि दरखास्त दिनु पर्ने** : (१) यस ऐन बमोजिम गठन भएका सरकारी संस्थाले दर्ताको लागि **दफा ३** बमोजिमका संस्था र **दफा ४** बमोजिमको विशिष्टकृत सहकारी संघ भए रजिष्ट्रार समक्ष **अनुसूची १**ले तोके बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्त साथ देहाय बमोजिमका कागजातहरु संलग्न गर्नु पर्नेछ :

(क) सहकारी संस्थाको प्रस्तावित विनियम,

(ख) सहकारी संस्था संचालनको सम्भाव्यता अध्ययन प्रतिवेदन ।

(ग) सदस्यले लिन स्वीकार गरेको शेयर सङ्ख्या र शेयर रकमको विवरण

(घ) संस्था दर्ता गर्ने संस्थापकको नागरिकता प्रति ।

(ङ) तोकिए बमोजिमका अन्य विवरण ।

**७. दर्ता गर्नु पर्ने :** (१) **दफा ६** को उपदफा (२) बमोजिम प्राप्त दरखास्त सहितको कागजातहरु छानबिन गर्दा देहाय बमोजिम भएको पाइएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गरी तोकिए बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ : -

(क) दरखास्त साथ पेश भएको विनियम यो ऐन तथा यस ऐन अर्न्तगत बनेको नियम बमोजिम रहेको,

(ख) प्रस्तावित सहकारी संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप संचालित हुन सक्ने आधार रहेको,

(ग) सहकारी संस्था समुदायमा आधारित एवम् सदस्य केन्द्रित भई संचालित र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको,

(घ) तोकिए बमोजिमका अन्य आधारहरु पूरा भएको ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा प्रस्तावित सहकारी संस्थाको विनियम संशोधन नगरी दर्ता गर्न मिल्ने नदेखिएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्रप्त अधिकारले सो विनियममा संशोधन गर्नु पर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना दिनु पर्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुदाका बखत दर्ता भई संचालनमा रहेका सहकारी संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ ।

(४) यस दफा बमोजिम सहकारी संस्था दर्ता गर्दा **दफा ६** को उपदफा (१) बमोजिमको अधिकारीले त्यस्तो सहकारी संस्थाले पालना गर्नु पर्ने गरी कुनै शर्त तोक्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम शर्त तोकिएकोमा सोको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ ।

(६) यस दफामा अन्यत्र जनु सुकै कुरा लेखिएको भए तापनि दमक नगरपालिकाको हकमा एक वडामा तोकिएको मापदण्ड बमोजिम बचत तथा ऋण सहकारी संस्था दर्ता गरिनेछ । **अनुसूची २** बमोजिमको संस्था दर्ता प्रमाण पत्र उपलब्ध गराईनेछ ।

(७) **दफा ४** बमोजिमको विशिष्टकृत संघको हकमा विषयगत जिल्ला सहकारी संघ वा केन्द्रिय विषयगत सहकारी संघद्धारा प्रदान गरिने सेवामा दोहोरो नपर्ने गरी मात्र दर्ता हुन सक्नेछ ।

८. **दर्ता गर्न अस्वीकार गर्न सक्ने** : (१) **दफा ७** को उपदफा (१) मा उल्लिखित अवस्था नभएमा, सोही दफा बमोजिम विनियम संशोधनको लागि सूचना दिएको अवधिभित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र विनियम संशोधन नगरेमा वा सूचनामा उल्लेख भए बमोजिम हुने गरी विनियम संशोधन नगरेमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारले त्यस्तो सहकारी संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारले सोको लिखित कारण खुलाई तीन दिन भित्र सोको जानकारी सम्बन्धित दरखास्तकर्तालाई दिनु पर्नेछ ।

९. **सहकारी संस्था संगठित संस्था हुने** : (१) सहकारी संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संघठित संस्था हुनेछ ।

(२) सहकारी संस्थाको काम कारबाहीको लागि एउटा छुट्टै छाँप हुनेछ ।

(३) सहकारी संस्थाले यस ऐनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त, उपभोग, बिक्री वा अन्य व्यवस्था गर्न सक्नेछ ।

(४) सहकारी संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नासिस उजूर गर्न सक्नेछ ।

(५) सहकारी संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ ।

**१०. सहकारी संस्थाको कार्यक्षेत्र** : (१) दर्ता हुदाका बखत सहकारी संस्थाको र्काय क्षेत्र देहाय बमोजिम हुनेछ :

(क) दमक नगरपालिकामा बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्था र अन्य संस्थाको हकमा देहायका आधारमा तोकिए बमोजिम एक स्थानीय तह सम्म :

(१) सदस्यहरुवीच स्वावलम्बनको पारस्परिक अभ्यासको लागि आपसी साझा बन्धन (कमन बण्ड),

(२) व्यवसायिक स्तरमा सेवा संचालन गर्न आवश्यक सदस्य संख्या ,

(३) संस्था संचालनमा सदस्यको सहभागिता मूलक लोकतान्त्रिक नियन्त्रण कायम हुने गरी पायक पर्ने स्थान ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले दर्ता भई व्यवसायिक सेवा प्रारम्भ गरेको दुई वर्षपछि देहायको आधारमा जोडिएको भौगोलिक क्षेत्र कायम रहने गरी आफनो कार्य क्षेत्र विस्तार गर्न सक्नेछ :

(क) संस्थाको व्यावसायिक क्रियाकलापको विकास क्रममा सदस्यता वढाउन थप कार्यक्षेत्र आवश्यक परेको,

(ख) संस्थाको कार्य सञ्चालनमा सदस्यताको प्रत्यक्ष नियन्त्रण कायम राख्न रचनात्मक उपायहरु अवलम्बन गरिएको ,

(ग) **दफा ७** को उपदफा (६) बमोजिम निर्धारित मापदण्ड प्रतिकूल नरहेको ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता तापनि सदस्यको बसोवासको प्रकृति, पायक पर्ने स्थान, स्थानीय अवस्थिति र तोकिए बमोजिम विशेष व्यवसायिक आवश्यकताका आधारमा कार्यक्षेत्र विस्तार गर्न सकिनेछ ।

(४) यस दफामा अन्य जुनसुकै कुरा लेखिएको भए तापनि जलविद्युत आयोजना, शिक्षा,भाषिक, साहित्यिक, सांस्कृतिक, स्वास्थ्य सेवा, सञ्चार, विशेष कृषि वा वनजन्य पैदावारको उत्पादन, संचय वा प्रशोधन गर्ने जस्ता व्यवसायिक एवं सदस्यहरुको सहभागिता बिस्तारका कारण प्रारम्भ मै फराकिलो कार्यक्षेत्र आवश्यक पर्ने संस्थाको कार्यक्षेत्र दर्ता गर्दाका बखत नै तोकिएको आधारमा दमक नगरपालिका क्षेत्र कायम गर्न सकिनेछ ।

(५) यो ऐन प्रारम्भ हुदाका बखत सञ्चालनमा रहेका संस्थाहरुको कार्यक्षेत्र यसै ऐन अनुसार कायम भएको मानिनेछ ।

तर यो ऐन प्रारम्भ भएपछि ती संस्थाहरु एक वर्ष भित्र देहायका विवरण खोली रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ :

(क) मौजुदा कार्यक्षेत्रको दमक नगरपालिका वडा अनुसारको सदस्यता बिस्तारको अवस्था,

(ख) मौजुदा कार्यक्षेत्रको दमक नगरपालिका वडा अनुसारका व्यावसायिक सेवा संचालनको अवस्था,

(ग) तोकिए बमोजिमका अन्य विवरण ।

(६) उपदफा (५) बमोजिमको कार्य संचालन प्रतिवेदन पेश भएपछि रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले आवश्यक

जाँचबुझ समेत गरी सम्बन्धित सहकारी संस्थालाई देहाय बमोजिम कार्यक्षेत्र पुन :निर्धारण गर्न निर्देशन दिन सक्नेछ :

(क) उपदफा (५) को खण्ड (क) बमोजिमको विवरणमा उल्लेखित सदस्यता बिस्तार नभएको वा तोकिएको संख्याभन्दा कम सदस्यता बिस्तार भएको वा भौगोलिक निरन्तरता नभएको वडा झिकी कार्यक्षेत्र घटाउने,

(ख) उपदफा (५) को खण्ड (ख) बमोजिमको विवरणमा कुनै व्यवसायिक सेवा संचालन नभएको वा जम्मा कारोबारको तोकिएको रकम वा अनुपात भन्दा कम रकम वा अनुपातको व्यवसायिक सेवा संचालन भएको देखिएको वडा झिकी कार्यक्षेत्र घटाउने,

(ग) संस्थाको संचालन खर्च धान्ने गरी व्यवसायिक कार्य कुशलता बढाउन र संस्था संचालनमा सदस्यको सहभागितामुलक लोकतान्त्रिक नियन्त्रण कायम राख्न अतिरिक्त वडा झिकी उपयुक्त कार्यक्षेत्र कायम राख्ने ।

(७) उपदफा (६) बमोजिम रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले निर्देशन दिएकोमा सहकारी संस्थाले एक वर्ष भित्र विनियम संशोधन गरी आफनो कार्यक्षेत्र पुनः निर्धारण गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम सम्बन्धित सहकारी संस्थाले तोकिएको अवधिभित्र आफनो कार्यक्षेत्र पुनः निर्धारण नगरेमा भएपछि रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले उपदफा (२) को अधीनमा रही त्यस्तो सहकारी संस्थाको कार्यक्षेत्र तीन महिनाभीत्र पुन :निर्धारण गर्नेछ ।

(९) उपदफा (८) बमोजिम भएपछि रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले कार्यक्षेत्र पुन निर्धारण गरिदिएकोमा चित नबुझ्ने सहकारी संस्थाले पुनः निर्धारणको जानकारी

पाएको मितिले पैतीस दिनभित्र रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले गरेको निर्णय भए  रजिष्ट्रार समक्ष र रजिष्ट्रारले गरेको निर्णय भए दमक नगरपालिका समक्ष पुनरावलोकन लागि निवेदन दिन सक्नेछ ।

(१०)उपदफा (९) बमोजिम प्राप्त निवेदनमा  रजिष्ट्रार वा नगरपालिकाले साठी दिनभित्र पुनरावलोकन गरिसक्नु पर्नेछ ।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले स्वेच्छिक रुपमा जुनसुकै समय कार्यक्षेत्र घटाउने गरी पुनः निर्धारण  गर्न विनियम संशोधन गर्न सकिनेछ ।

(१२) कार्यक्षेत्र पुन : निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१३) उपदफा (२) र (३) बमोजिम कार्यक्षेत्र  विस्तारको प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**११. विषयगत आधारमा वर्गीकरण गर्न सकिने** : संस्थालाई विषयगत आधारमा तोकिए बमोजिम वर्गीकरण गर्न सक्नेछ ।

**१२. कारोबार, व्यवसाय, उद्योग वा परियोजना संचालान गर्न सक्ने** :

(१) **दफा ७** बमोजिम दर्ता प्रमाणपत्र प्राप्त गरे पछि संस्थाले **दफा १५** बमोजिमको उद्देश्य प्राप्तिका लागि  यस ऐन र विनियमको अधीनमा रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना संचालन गर्न सक्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले उपदफा १ बमोजिम कारोबार, व्यवसाय, उद्योग वा परियोजना संचालन  गर्न छुट्टै संस्था दर्ता गर्नु पर्ने छैन । तर त्यस्तो कारोबार, व्यवसाय, उद्योग वा परियोजना संचालन गर्न प्रचलित कानून बमोजिम अनुमतिपत्र, स्वीकृति, वा इजाजतपत्र लिएर मात्र कारोबार, व्यवसाय, उद्योग वा परियोजना संचालन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम संस्थालेप्रचलित कानून बमोजिम अधिकार पाएको निकाय वा अधिकारीबाट अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र प्रप्त गरेमा पन्ध्र दिनभित्र सोको जानकारी रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ ।

(४) दुई वा दुई भन्दा बढी संस्थाले संयुक्त वा साझेदारीमा आफनो उत्पादन वा सेवाको बजारीकरणको लागि यस ऐनको अधीनमा रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना संचालन गर्न सक्नेछन् ।

(५) उपदफा (४) बमोजिमको कारोबार, व्यवसाय, उद्योग वा परियोजना संचालन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि संस्थाले उपदफा (१) बमोजिम संचालन गर्ने कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको उत्पादन सहकारी ब्राण्डमा विक्री वितरण गर्न सक्नेछन् । तर प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट त्यस्तो ब्राण्ड प्राप्तीको स्वीकृति लिनु पर्नेछ ।

(७) संस्थाले उत्पादन गरेको वस्तुहरुको उत्पत्तिको प्रमाणपत्र जारी गर्ने प्रक्रिया र आधार तोकिए बमोजिम हुनेछ ।

**१३. दायित्व सीमित हुने** : (१) सहकारी संस्थाको कारोबारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको शेयरको अधिकतम रकम सम्म मात्र सीमित रहनेछ ।

(२) सहकारी संस्थाको नाममा "सहकारी" र नामको अन्त्यमा "लिमिटेड" भन्ने शब्द राख्नु पर्नेछ ।

**१४. सहकारीका मूल्य, मान्यता र सिद्धान्त पालना गर्नु पर्ने** : सहकारी संस्थाको गठन तथा संचालन गर्दा सहकारीका मूल्य मान्यता र सिद्धान्तको पालना गर्नु पर्नेछ ।

## परिच्छेद ३
## संस्थाका उद्देश्य तथा कार्य

१५. **संस्थाको उद्देश्य** : कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई आफ्ना सदस्यको आर्थिक, सामाजिक तथा सास्कृतिक र नैतिक समृद्धि हासिल गर्नु संस्थाको मुख्य उद्देश्य हुनेछ ।

१६. **संस्थाका कार्य** : (१) सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरुको पालना गर्ने, गराउने ।

(२) सदस्य र आफनो व्यवसायको हित प्रवर्द्धन तथा सोको बजारीकरण गर्ने, गराउने,

(३) सदस्यलाई शिक्षा, सूचना र तालिम प्रदान गर्ने तथा सदस्य संस्था सुशासन प्रवर्द्धन गर्ने, गराउने ।

(४) संस्थाहरु बीचको पारस्परिक सहयोग अभिबृद्धि गर्ने, गराउने,

(५) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापनका सम्बन्धी कार्य गर्ने ,

(६) आन्तरिक नियन्त्रण प्रणली लागू गर्ने ,

(७) संस्थाको व्यावसायिक प्रवर्द्धन तथा विकास सम्बन्धी क्रियाकलापहरु संचालन गर्ने,

(८) रजिष्ट्रार, दमक नगरपालिका वा कार्यालयको निर्देशन पालना गर्ने ।

(९) विनियममा उल्लिखित कार्यहरु गर्ने ।

## परिच्छेद ४
## विनियम तथा आन्तरिक कार्यविधि

**१७. विनियम बनाउनु पर्ने** : (१) सहकारी संस्थाले यस ऐन अर्न्तगत बनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधिको अधीनमा रही आफ्नो कार्य संचालनको लागि विनियम बनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विनियम रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीबाट स्वीकृति भएपछि लागू हुनेछ ।

**१८. आन्तरिक कार्यविधि बनाउन सक्ने** : (१) सहकारी संस्थाले यस ऐन अर्न्तगत बनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधि र विनियमको अधिनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित सहकारी संस्थाको साधारण सभाले स्वीकृत गरेपछि लागू हुनेछ ।

(३) उपदफा २ बमोजिमको कार्यविधि दमक नगरपालिका समक्ष ३० दिन भित्रमा पेश गर्नु पर्ने छ ।

**१९. विनियम र आन्तरिक कार्यविधिमा संशोधन**: (१) सहकारी संस्थाको साधारण सभाको कुल सदस्य संख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि संशोधन हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भएपछि लागू हुनेछ ।

## परिच्छेद-५
## सदस्यता

**२०. संस्थाको सदस्यता** : (१) सोह्र वर्ष उमेर पूरा गरेका देहाय बमोजिमका नेपाली नागरिकहरु संस्थाको सदस्य हुन सक्नेछन् :

(क) संस्थाको कार्यक्षेत्र भित्र बसोवास गरिरहेको,

(ख) संस्थाको कम्तीमा एक शेयर खरिद गरेको,

(ग) संस्थाको विनियममा उल्लेखित शर्तहरु पालना गर्न मञ्जुर गरेको,

(घ) संस्थाको जिम्मेवारी पालना गर्न मञ्जुर भएको,

(ङ) संस्थाले गरेको कारोबारसंग प्रतिष्पर्धा हुने गरी कारोबार नगरेको ।

(२) यस ऐनमा अन्य जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकारका निकायहरु, स्थानीय तहका साथै संस्थाको कार्यक्षेत्र भित्रका सहकारी विद्यालय र सामुदायिक विद्यालय, गुठी, स्थानीय क्लब, स्थानीय तहमा गठन भएका गैर नाफामूलक संस्था, उत्पादन र सेवामूलक संघ संस्था उपभोक्ता समूहहरु संस्थाको सदस्य हुन बाधा पर्ने छैन ।

(३) यस दफामा अन्य जुनसुकै कुरा लेखिएको भएतापनि स्वास्थ्य सहकारी संस्थामा सहकारी संस्थाले सदस्यता लिन बाधा पर्ने छैन ।

**२१. सदस्यता प्राप्त गर्न निवेदन दिनु पर्ने** : (१) संस्थाको सदस्यता लिन चाहने सम्बन्धित व्यक्तिले संस्थाको समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको मितिले पैतीस दिनभित्र समिति यस ऐन अर्न्तगत बनेको नियम तथा विनियमको अधीनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निणर्य गरेमा सोको कारण खोली सात दिन भित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम जानकारी पाएको समितिले तीस दिनभित्र सम्बन्धित व्यक्तिले त्यस्तो संस्था उपर रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष उजूर गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त उजुरु छानबिन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नु पर्ने देखिएमा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नको लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम आदेश भएमा सो आदेश प्राप्त गरेको सात दिनभित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीलाई गराउनु पर्नेछ । अधिकार प्राप्त अधिकारीबाट आदेश गर्दा सदस्यता पाउने नपाउने विषयमा संस्थाको विनियम, मापदण्ड समेतलाई अध्ययन गर्नुपर्नेछ ।

२२. **सदस्य हुन नपाउने**: (१) कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य हुन पाउने छैन । तर यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले तीन वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुदाका बखत कुनै संस्थामा नेपाल सरकारको निकाय वा दफा २० को उपदफा (२) मा उल्लेख भएदेखि बाहेकको अन्य कुनै कृत्रिम व्यक्ति सदस्य भएको भए पाँच वर्षभित्र सदस्यता अन्त्य गर्नु पर्नेछ । तर यो ऐन प्रारम्भ हुनु अघि दर्ता भएको स्वास्थ्य र शिक्षा सहकारी संस्थाको हकमा यो उपदफा लागू हुने छैन ।

२३. **सदस्यताको समाप्ती** : (१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछ :

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(ख) लगातार वार्षिक साधारण सभामा बिना सूचना तीन पटक सम्म अनुपस्थित भएमा,

(ग) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम सदस्यले पालना गर्नु पर्ने प्रावधानको बारम्बर उल्लंघन गरेमा,

(घ) संस्थाको सदस्यको हकमा दफा २० को उपदफा १ को खण्डहरु बमोजिमको योग्यता नभएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सदस्यले सहकारी संस्थाबाट प्राप्त वा भुक्तानी गर्नु पर्ने कुनै रकम भएमा सो फरफारक नभएसम्म वा निजिले लिएको ऋण, तिर्नु पर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यको तर्फ बाट धितो वा जमानत बसेकोमा सोको दायित्व फरफारक नभएसम्म निजको सदस्यता समाप्त हुने छैन ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि साधारण सभा बोलाउने निणर्य भइसके पछि साधारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिने छैन ।

(४) सदस्यको सदस्यता समाप्ती सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) दफा २३ को (ख) बमोजिम सदस्यलाई निस्कृयताको सूचीमा तमेलीमा राख्नु पर्नेछ ।

२४. **सुविधा प्राप्त गर्न नसक्ने** : कुनै सदस्यले सहकारी संस्थालाई तिर्नु पर्ने कुनै दायित्व निर्धारित समय भित्र भुक्तान नगरेमा वा यस अन्तर्गत बनेको नियम वा विनियम बमोजिम सदस्यले पालना गर्नु पर्ने व्यवस्थाको बारम्बार उल्लङ्घन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुविधा प्राप्त गर्न सक्ने छैन ।

## परिच्छेद -६

## साधारण सभा, समिति तथा लेखा सुपरीवेक्षण समिति

**२५. साधारण सभा** : (१) सहकारी संस्थाको सर्वोच्च अंगको रुपमा साधारण सभा हुनेछ ।

(२) सहकारी संस्थाका सबै सदस्यहरु साधारण सभाका सदस्य हुनेछन् ।

(३) सहकारी संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ :-

(क) प्रारम्भिक साधारण सभा,

(ख) वार्षिक साधारण सभा,

(ग) विशेष साधारण सभा ।

**२६. प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार** : प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ : -

(क) प्रारम्भिक साधारण सभा हुने अघिल्लो दिन सम्मको काम कारबाही र आर्थिक कारोबारको जानकारी लिने,

(ख)चालू आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने,

(घ) विनियममा उल्लेख भए बमोजिम समिति वा लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने,

(ङ) आन्तरिक कार्यविधि पारित गर्ने,

(च) लेखा परीक्षकको नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने,

(छ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**२७. वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार**: वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ग) समिति वा लेखा सुपरिवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

(घ) संचालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्यलाई उचित कारण सहित पदबाट हटाउने,

(ङ) समिति वा लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

(च) विनियम तथा आन्तरिक कार्यविधि पारित गर्ने,

(छ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ज) संस्था एकीकरण वा विघटन सन्बन्धी निर्णय गर्ने,

(झ) पारिश्रमिक लगायतका सुविधा तोक्ने,

(ञ) बाह्य दायित्व स्वीकार गर्ने,

(ट) सदस्यको दायित्व मिनाहा दिने,

(ठ) समितिलाई आवश्यक निर्देशन दिने,

(ड) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**२८. साधारण सभाको बैठक** : (१) समितिले सहकारी संस्था दर्ता भएको समितिले तीन महिना भित्र प्रारम्भिक साधारण सभा बोलाउनु पर्नेछ ।

(२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्ती भएको मितिले तीन महिनाभित्र वार्षिक साधारण सभा बोलााउनु पर्नेछ ।

(३) समितिले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछ :-

(क) **दफा ३८** को उपदफा (१) को खण्ड (ज) बमोजिम लेखा सुपरिवेक्षण समितिको सिफारिसमा,

(ख) कुनै संचालकले विशेष साधारण सभा बोलाउन पेश गरेको प्रस्ताव समितिद्धारा पारित भएमा,

(ग) समितिले कुनै खास कामको लागि विशेष साधारण सभा बोलाउने निर्णय गरेमा,

(घ) विशेष साधारण सभा बोलाउनु पर्ने कारण खुलाई पन्ध्र प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा ,

(ङ) **दफा २९** को उपदफा (१)बमोजिम रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले निर्देशन दिएमा,

(च) **दफा ३१** को उपदफा (२) बमोजिमको रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले निर्देशन दिएमा,

२९. **विशेष साधारण सभा बोलाउन निर्देशन दिन सक्ने** : (१) कुनै सहकारी संस्थाको निरीक्षण वा सुपरिवेक्षण गर्दा वा कसैको उजुरी परी छनाबीन गर्दा देहायको अवस्था देखिन आएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो सहकारी संस्थाको समितिलाई साधारण सभा बोलाउन निर्देशन दिन सक्नेछ :

(क) सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त विपरीत कार्य गरेमा,

(ख) यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधि विपरीत कार्य गरेमा,

(ग) रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले निर्देशनको बारम्बार उल्लघंन गरेमा,

(घ) दफा ३१ को उपदफा (२) बमोजिम रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले आदेश दिएमा,

(२) उपदफा (१) बमोजिम साधारण सभा बोलाउन सन्देश प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको समितिले पैतीस दिनभित्र साधारण सभाको बैठक बोलाउनु पर्नेछ र साधारण सभाको बैठकमा उजुरी वा निरीक्षणका क्रममा देखिएका

विषयमा छलफल गरी सोको प्रतिवेदन रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्रप्त अधिकारीले समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) मा उल्लखित अवधि भित्र समितिले साधारण सभा नबोलाएमा संस्थाको हकमा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले साधारण त्यस्तो सभा बोलाउन सक्नेछ ।

(४) सहकारी संस्थाको साधारण सभाको लागि गणपुरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत हुनेछ ।

तर पहिलो पटक डाकिएको साधारण सभामा गणपुरक संख्या नपुगेमा त्यसको सात दिनभित्र दोस्रो पटक साधारण सभा बोलाउनु पर्ने र यसरी दोस्रो पटक बोलाइएको साधारण सभामा संचालक समितिको बहुमत सहित एकतिहाई साधारण सदस्यहरुको उपस्थिति भएमा साधारण सभाको गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) दुई हजार वा सो भन्दा बढी सदस्य भएको संस्थाको साधारण सभा गर्दा समान कार्यसूचीमा तोकिए बमोजिम सदस्य संख्याको आधारमा स्थानीय तह वा त्यसका वडामा संचालक सदस्यहरुलाई पठाई साधारण सभा गर्न र त्यसतो सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधिहरु छनौट गर्न सकने र त्यस्ता प्रतिनिधिहरुको उपस्थितिको सभाले अन्तिम निणर्य प्रमाणित गर्नेछ ।

**३०. संचालक समिति** : (१) सहकारी संस्थामा साधारण सभाबाट निर्वाचित ९–१३ जना सम्मको एक संचालक समिति रहनेछ । निर्वाचन गर्दा लोकतान्त्रीक विधिबाट मतदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा उपलब्ध भएसम्म कम्तीमा तेतीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्ने ।

(३) एउटै परविारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा संचालक तथा लेखा समितिको पदमा उमेद्धावार बन्न र निर्वाचित हुन सक्ने छैन ।

(४) कुनै  सहकारी संस्थाको संचालक सोही संस्थाको कर्मचारी वा आफनो संस्थाले सदस्यता लिएको सहकारी संस्था बाहेक अर्को कुनै सहकारी संस्थाको संचालक बन्न पाउने छैन ।

(५)कुनै व्यक्ति एकै समयमा एक मात्र सहकारी संस्थाको संचालक हुन सक्नेछ । पदाधिकारीमा एकै व्यक्ति एकै पदमा २  संस्थाको विनियोजनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(६) उपदफा (४) र (५) मा जुनसकै  कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकभन्दा बढी सहकारी संस्थाको संचालक वा सोही वा अर्को सहकारी संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको समितिले एक वर्ष भित्र कुनै एक सहकारी संस्थाको मात्र संचालक वा कर्मचारी रहनु पर्नेछ ।

(७) समितिको कार्य अवधी चार वर्षको हुनेछ  ।

(८) समितिको बैठक सामान्यतया एक महिनामा अनिवार्य बस्नु पर्नेछ ।

(९)बैठक सम्बन्धी अन्य कार्यविधि निर्देशिका संस्था आफैले बनाउन सक्ने छ ।

**३१. समितिको निर्वाचन** : (१) समितिले आफ्नो कार्य अवधि समाप्त हुनु  अघि अर्को समितिको निर्वाचन गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले छ महिनाभित्र

समितिको निर्वाचन गराउन रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ

(३) उपदफा (२) बमोजिम रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले आदेश दिएको सम्बन्धित समितिले सो आदेश बमोजिमको समयावधिभित्र समितिको निर्वाचन गराई रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम समितिको निर्वाचन नगराएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्रप्त अधिकारीले त्यस्तो सहकारी संस्था सदस्य रहेको माथिल्लो संघ भए सो संघको प्रतिनिधि समेतलाई सहभागी गराई समितिको निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने, गराउनेछ ।

(५) उपदफा (४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पुर्याउनु सम्बन्धित संघ र समितिका पदाधिकारीहरुको कर्तव्य हुनेछ ।

(६) उपदफा (५) बमोजिम निर्वाचन गराउदा लागेको सम्पूर्ण खर्च सम्बन्धित सहकारी संस्थाले व्यहोर्नु पर्नेछ ।

(७) यस दफा बमोजिम समितिको अर्को निर्वाचन नभए सम्मको लागि समितिले विनियममा व्यवस्था भए बमोजिम आफ्नो कार्य संचालन गर्नेछ ।

३२. **समितिको काम, कर्तव्य र अधिकार** : संचालक समितिको काम, कर्तव्य र अधिकार अतिरिक्त समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्थाको संचालन गर्ने,

(ख) आर्थिक तथा प्रशासकीय कार्य गर्ने, गराउने,

(ग) प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा तथा विशेष साधारण सभा बोलाउने,

(घ) साधारण सभाका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने,

(ङ) सहकारी संस्थाको नीति, योजना, बजेट तथा वार्षिक कार्यक्रमको तर्जमा गरी साधारण सभा समक्ष पेश गर्ने,

(च) सहकारी संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,

(छ) शेयर नामसारी तथा फिर्ता सम्बन्धी कार्य गर्ने,

(ज) सम्बन्धित संघको सदस्यता लिने,

(झ) विनियम तथा आन्तरिक कार्यविधि तयार गरी साधारण सभामा पेश गर्ने,

(ञ) सहकारी संस्थाको कार्यक्षेत्रभित्र  रही सहकारी संस्थाको कारोबार र व्यवसायको हित प्रवर्द्धनका लागि आवश्यक कार्य गर्ने, गराउने,

(ट) तोकिएको मापदण्डमा रहि सेयर सदस्य विस्तार गर्ने,

(ठ) सदस्यको शेयर पूजी निक्षेप र बचतको सुरक्षा गर्ने ।

**३३. संचालक पदमा बहाल नरहने** : देहायको कुनै अवस्था भएमा संचालक समिति सदस्यहरु आफ्नो पदमा रहन सक्ने छैन :

(क) निजिले दिएको राजीनामा समितिबाट स्वीकृत भएमा,

(ख) निजिलाई दफा ३४ उपदफा (१) बमोजिम संचालकबाट हटाउने निणर्य भएमा,

(ग) निज अर्को सहकारी संस्थाको संचालक रहेमा,

(घ) निज सोही वा अर्को सहकारी संस्थाको कर्मचारी रहेमा, तर दफा ३० को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांश लेखिएको कुरामा सोही बमोजिम हुनेछ ।

(ङ) निज सोही वा अर्को सहकारी संस्थाको लेखा सुपरिवेक्षण समितिको पदमा रहेमा,

(च) आर्थिक हिनामिना र नैतिक पतन हुने काम गरी समितिले हटाएमा,

(छ) निजको मृत्यु भएमा,

(ज) संस्था निस्कृय भई नगरपालिकाले पुनर्र गठन गरेमा,

**३४. संचालक समितिका सदस्यहरुलाई पदबाट हटाउन सकिने** : (१) साधारण सभाको बहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा संचालक समितिको सदस्यहरुलाई पदबाट हटाउन सकिनेछ :-

(क) आर्थिक हिनामिना गरी सम्बन्धित सहकारी संस्थालाई हानि नोक्सानी पुर्याएमा,

(ख) अनधिकृत तवरले सम्बन्धित सहकारी संस्थाको कारोबार सम्बन्धी विषयको गोपनियता भंङ गरेमा,

(ग) सम्बन्धित सहकारी संस्थाको कारोबार र व्यवसायसँग प्रतिस्पर्धा हुने गरी समान प्रकृतिको कारोबार वा व्यवसाय गरेमा,

(घ) सम्बन्धित सहकारी संस्थाको अहित हुने कुनै कार्य गरेमा,

(ङ) निज शारीरिक वा मानसिक रुपमा काम गर्न नसकने भएमा,

(च) कुनै संचालकमा यो ऐन, यस ऐन अन्तगर्त बनेको नियम वा विनियममा उल्लेखित योग्यता नरहेमा ।

(२) कुनै संचालकलाई समितिको पदबाट हटाउने निणर्य गर्नु अघि त्यस्तो संचालकलाई साधारण सभा समक्ष सफाई पेश गर्ने मनासिब माफिकको मौका दिइनेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै संचालकले सफाई पेश नगरेमा वा निजले पेश गरेको सफाई सन्तोषजनक नभएमा साधारण सभाले त्यस्तो संचालकलाई पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम संचालकको पदबाट हटाइएको सदस्य समितिको दुई कार्यकाल सम्मको निर्वाचनमा उम्मेद्धवार बन्न पाउने छैन ।

(५) उपदफा (३) बमोजिम कुनै संचालक पदबाट हटेमा त्यस्तो पदमा साधारण सभाले बाकी अवधिको लागि अर्को संचलकको निर्वाचन गर्नेछ ।

**३५. निजी स्वार्थ समावेश भएको निणर्य प्रकृयामा संलग्न हुन नहने**:

(१) संचालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनु हुदैन ।

(२) संचालकले आफूलाई मात्र व्यक्तिगत फाइदा हुने गरी सहकारी संस्थामा कुनै कार्य गर्न गराउन हुदैन ।

(३) कुनै संचालकले उपदफा (१) को विपरीत हुने गरी वा आफ्नो अधिकार क्षेत्र भन्दा बाहिर गई कुनै काम कारबाही गरे गराएमा त्यस्तो काम कारबाही प्रति त्यस्तो संचालक व्यक्तिगत रुपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारबाहीबाट सहकारी संस्थाको, सदस्य अन्य कुनै व्यक्तिलाई हानि नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानि नोक्सानी निजबाट असुल उपर गरिनेछ ।

**३६. समितिको विघटन** : (१) साधारण सभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछ ।

(क) समितिको बद्नियतपूर्ण कार्यवाट सहकारी संस्थाको कारोबार जोखिममा परेमा,

(ख) सहकारी संस्थले तिर्नु पर्ने दायित्व तोकिएको समयभित्र भुक्तनी गर्न नसकेमा,

(ग) विनियममा उल्लेखित उद्देश्य र कार्य विपरीतको काम गरेमा,

(घ) समितिले आफनो जिम्मेवारी पूरा नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलिमा उल्लिखित शर्त वा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले दिएको सन्देशनको बारम्बार उल्लघंन गरेमा ।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारण सभाले नयाँ समितिको निर्वाचन गर्नेछ ।

(३) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले दिएको सन्देशन पालना नगरेमा वा दफा २९ को उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा रजिष्ट्रार वा कार्यालय प्रमुखले समितिलाई उजुरी वा निरीक्षणको क्रममा देखिएका विषयवस्तुको आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधिभित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको समितिले तीन महिनाभित्रमा अर्को समितिको निर्वाचन सम्पन गराउन र त्यस्तो निर्वाचन नभएसम्म सहकारी संस्थाको दैनिक कार्य संचालन गर्न रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले तोकीए बमोजिमको एक तदर्थ समिति गठन गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम अर्को समितिको निर्वाचन गराँउदा लागेको सम्पूर्ण खर्च सम्बन्धित सहकारी संस्थाले व्यहोर्नेछ ।

**३७. लेखा सपुरिवेक्षण समितिको गठन** : (१) सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेका एकजना संयोजक र कम्तीमा १ जना महिला सदस्य सहित तीन जना सदस्यहरु रहने गरी साधारण सभाले निर्वाचनबाट लेखा सुपरिवेक्षण समिति गठन गर्ने छ ।

(२) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै सहकारी संस्थाको संचालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा उमेद्धावार बन्न र निर्वाचित हुन सक्ने छैन ।

**३८. लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार** : (१) लेखा सुपरिवक्षण समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखा परिक्षण गर्ने, गराउने,

(ख) आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने ,गराउने

(ग) वित्तिय तथा आर्थिक कारोबारको निरिक्षण तथा मूल्याङन गर्ने, गराउने,

(घ) समितिको काम कारवाहीको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाब दिने,

(ङ) साधारण सभाको निर्देशन निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने

(च) लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारवाहिको सुपरिवेक्षण सम्वन्धी वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने

(छ) आफूले पटक पटक दिएका सुझाब कार्यान्वयन नभएको कारणबाट कुनै सहकारी संस्थाको हितमा प्रतिकुल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पक्तिको व्यापक रुपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भिर आर्थिक संकटमा पर्न लागेकोमा सोको कारण खुलाई विशेष साधाचरण सभा वोलाउन समिति समक्ष पेश गर्ने ।

(ज) आवश्यक परेमा आन्तरिक लेखा परीक्षण नियुक्तीका लागि तीन जनाको नाम संचालक समितिमा सिफारीस गर्ने ।

(२) लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य सहकारी संस्थाको आर्थिक तथा दैनिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन ।

**३८ (क) दमक सहकारी विकास वोर्ड गठन** :(१) नगरपालिकाले सहकारी संस्थाको विकास र प्रवर्द्धनको लागि देहाय बमोजिमको एक सहकारी विकास वोर्ड गठन गर्न सक्ने छ :

| | | |
|---|---|---|
| १. | संयोजक नगर कार्यपालिकाले तोकेको व्यक्ति | १ जना |
| २. | सदस्य सभा सदस्य मध्येबाट १ महिला सहित | २ जना |
| ३) | सदस्य सहकारी विज्ञ मध्येबाट नगरपालिकाले तोकेको ब्यक्ति | १ जना |
| ४) | सदस्य सचिब रजिष्ट्रार | १ जना |
| | जम्मा | ५ जना |

**(२) सहकारी विकास वोर्डको काम कर्तव्य** : (१) सहकारी विकास वोर्डको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुने छन् :

क) सहकारी संस्थाको क्षमता विकास गर्ने,

ख) सहकारी संस्थाको अनुगमन गर्ने,

ग) सहकारी संस्थाको प्रवर्द्धन र विकासमा सहयोग गर्ने,

घ) सहकारी संस्थाको नियमन गर्ने

ङ) तोकिएको ढाँचामा अनुगमनको प्रतिवेदन नगरपालिकामा पेश गर्ने,

च) अन्य तोकिएको काम गर्ने ।

## परिच्छेद-७

## बचत तथा ऋण परिचालन

**३९. सदस्य केन्द्रीत भई बचत तथा ऋणको कारोबार गर्नु पर्ने** : (१) सहकारी संस्थले आफ्ना सदस्यहरुको मात्र बचत स्वीकार गर्न सोको परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ

(२) उपदफा (१) मा  जुनसुकै कुरा लेखिएको भएता पनि बचत तथा ऋणको मुख्य कारोवार गर्ने गरी दर्ता भएको संस्था बाहेक अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोवार गर्न पाउने छैन ।

तर यो ऐन प्रारम्भ हुनु अघि बहुउद्देश्यीय वा विषयगत संस्थाको रुपमा दर्ता भई मुख्य कारोवारको रुपमा बचत तथा ऋणको कारोबार गर्दै आएको भए ती संस्थाले  तीन वर्षभित्रमा बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुदाका बखतमा उल्लेख गरिएको मुख्य कारोवार गर्ने गरी संस्थाले मुख्य कारोवार गर्न सक्नेछ

(३) सहकारी संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा  रजिष्ट्रारले अन्यथा तोकेकोमा बाहेक सेवा शुल्क र नविकरण शुल्क सम्बन्धित संस्थाको कार्यविधिले तोकेको बमोजिम हुनेछ ।

(४) बचत र ऋणको व्याजदर बीचको अन्तर ६% भन्दा बढी हुने छैन ।

(५) सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने व्याज दरलाई मुल ऋणमा पूजीकृत गरी सोको आधारमा व्याज लगाउन पाइने छैन ।

(६) सहकारी संस्थाले बचत रकम सदस्यवीच ऋण लगानी, नेपाल  सरकारले जारी गरेको ऋणपत्र वा नेपाल राष्ट्रि बैंकले जारी गरेको ट्रेजरी लिब खरीद गर्न बाहेक अचल सम्पत्ति खरीद, पूर्वाधार निर्माण, कारोबारमा लगानी, फर्म

वा कम्पनी वा कुनै बैङको (सहकारी बैङ बाहेक) शेयर खरीद वा अन्य कुनै प्रयोजनमा उपयोग गर्नु हुदैन ।

(७) संस्थाले दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गर्न सक्ने छैन ।

(८) संस्थाले आफ्नो सदस्यहरुलाई बचतको व्याजदर दिदा र कर्जाको व्याज लिदा एकै प्रकृतिको कारोवारबीचको अन्तर ३% भन्दा बढी लिन पाउने छैन ।

**४०. सन्दर्भ व्याजदर तोक्न सक्ने** : (१) रजिष्ट्रारले देहाय बमोजिमको समितिको सिफारिसमा सहकारी संस्थाको प्रयोजनकालागि बचत तथा ऋणको सन्दर्भ व्याजदर (रेफेरेन्स इनटेरेसट रेट)को सीमा तोक्न सक्नेछ :

(क) संयोजक रजिष्ट्रार

(ख) सदस्य प्रतिनिधि जिल्ला सहकारी संघ

(ग) सदस्य प्रतिनिधि दमक सहकारी विकास वोर्ड

(२) उपदफा (१) बमोजिम तोकिएको सन्दर्भ व्याजदर सहकारी संस्थाका लागि निर्देशित व्याजदरको रुपमा रहनेछ ।

(३) सन्दर्भ व्याजदर निर्धारणका आधार र प्रकिया तोकिए बमोजिम हुनेछ ।

**४१. व्यक्तिगत बचतको सीमा** : संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा सम्बन्धित संस्थाको विनियममा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -८
## आर्थिक श्रोत परिचालन

**४२. शेयर विक्री तथा फिर्ता सम्बन्धी व्यवस्था** : (१) सहकारी संस्थाले आफ्नो सदस्यलाई शेयर विक्री गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले एकै सदस्यलाई आफनो कुल शेयर पूजीको बीस प्रतिशतभन्दा बढी हुने गरी शेयर वक्री गर्न सक्ने छैन । तर नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागू हुने छैन ।

(३) सहकारी संस्थाको शेयरको अंकित मूल्य प्रति शेयर एक सय रुपैया हुनेछ ।

(४) सहकारी संस्थाको शेयरपूजी विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

(५) सहकारी संस्थाले खुल्ला बजारमा शेयर विक्री गर्न पाउने छैन ।

(६) सहकारी संस्थाको मूलधनको रुपमा रहेको कुनै सदस्यको शेयर सोही सहकारी संस्थाको ऋण वा दायित्व बाहेक अन्य कुनै ऋण वा दायित्व वापत लिलाम विक्री गरिने छैन ।

**४३. रकम फिर्ता तथा खाता संचालन सम्बन्धी व्यवस्था** : (१) कुनै संस्थाले सहकारी संस्थाको सदस्यता त्यागी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले तीन महिना भित्र निजको वाकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ ।

(२) कुनै सदस्यले सहकारी संस्थामा जम्मा गरेको बचत फिर्ता माग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व कट्टा गरी बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ ।

(३) सहकारी संस्थाले सवै प्रकारका बचत खाताहरु संचालन गर्न सक्नेछन् ।

**४४. ऋण वा अनुदान दिन सक्ने** : (१) सहकारी संस्थाले स्वदेशी वा विदेशी वैक वा संस्था, संघ वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा साझेदारीमा काम गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विदेशी बैक वा निकायबाट ऋण वा अनुदान लिनु अघि दमक नगरपालिकाको सिफारीसमा अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

**४५. नेपाल सरकारको सुरक्षण प्रदान गर्न सक्ने**: सहकारी संस्थाले विदेशी बैक वा निकाय संग लिने ऋणमा सुरक्षण प्राप्त गर्नु पर्ने भएमा त्यसको लागि दमक नगरपालिका मार्फत अर्थ मन्त्रालय समक्ष अनुरोध गर्न सक्नेछ ।

## परिच्छेद -९
## सहकारी संस्थाको कोष

**४६. सहकारी संस्थाको कोष**: (१) सहकारी संस्थाको कोषमा देहाय बमोजिमको रकम रहनेछ :-

(क) शेयर बिक्रीबाट प्राप्त रकम,

(ख) बचतको रुपमा प्राप्त रकम,

(ग) ऋणको रुपमा प्राप्त रकम,

(घ) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ङ) विदेशी सरकार वा अन्तराष्ट्रिय संघ सस्थाबाट प्राप्त अनुदान वा सहयताको रकम,

(च) व्यावसायिक कार्यबाट आर्जित रकम,

(छ) सदस्यता प्रवेश शुल्क,

(ज) चल अचल सम्पत्ति विक्री गरेको रकम ।

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिमको रकम प्राप्त गर्नु अघि अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

**४७. जगेडा कोष**: (१) सहकारी संस्थामा एक जगेडा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन् :-

(क) आर्थिक वर्षको खुद बचत रकमको कम्तीमा पच्चीस प्रतिशत रकम,

(ख) कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पूजी अनुदान रकम,

(ग) स्थिर सम्पत्ति विक्रीबाट प्राप्त रकम,

(घ) अन्य श्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको कोषको रकम अविभाज्य हुनेछ ।

**४८. संरक्षित पूँजी फिर्ता कोष** : (१) सहकारी संस्थामा एक संरक्षित पूँजी फिर्ता कोष रहनेछ ।

(२) जगेडा कोषमा दफा ४७ को उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उपदफा (१) बमोजिमको कोषमा वार्षिक रुपमा जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको रकम सदस्यले गरेको तोकिए बमोजिमको वार्षिक कारोबारको आधारमा सम्बन्धित सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

**४९. सहकारी प्रवर्द्धन कोष** : (१) सहकारी संस्थामा एक सहकारी प्रवर्द्धन कोष रहनेछ ।

(२) सहकारी व्यवसायको प्रवर्द्धन गर्नको लागि दफा ४७ बमोजिम जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाकी रहेको रकमको शुन्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम उपदफा (१) बमोजिमको कोषमा वार्षिक रुपमा जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कोष सहकारी तथा गरिबी निवारण मन्त्रालय रहनेछ ।

(४) कोषको संचालन विधि तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमको अनुपातमा मन्त्रालयले तोकिए बमोजिमको रकम उपलब्ध गराउन सक्नेछ

(६) उपदफा (१) बमोजिमको कोषमा राखेको रकम मध्येबाट राष्ट्रिय सहकारी महासंघ, सम्बन्धित विषयगत केन्द्रीय सहकारी संघ, प्रदेश सहकारी संघ, प्रदेश विषयगत सहकारी संघ ,जिल्ला सहकारी संघ र सम्बन्धित जिल्ला विषयगत सहकारी संघलाई तोकिए बमोजिमको रकम उपलब्ध गराउनु पर्नेछ ।

(७) उपदफा (१) बमोजिमको कोषमा राखेको रकम वितरणका लागि सम्बन्धित मन्त्रालयको मन्त्रीको संयोजकत्वमा राष्ट्रिय सहकारी विकास वोर्डको सह अध्यक्ष मन्त्रालय सचिब, अर्थ मन्त्रालयको सह सचिब, सहकारी महा संघका अध्यक्ष, केन्द्रिय बचत तथा ऋण सहकारी संघको अध्यक्ष र रजिष्ट्रार सदस्य भएको एक समिति रहने छ ।

(८) उपदफा (६) बमोजिम प्राप्त रकममध्ये कम्तीमा पचहतर प्रतिशत रकम सहकारी व्यवसायको पूर्वाधारमालगानी गरी बाँकी रकम व्यवसाय प्रवर्द्धन, शिक्षा, सूचना र  तालिम  बजार प्रवर्द्धन संस्था वा संघको अनुगमन लगायतका कार्यमा खर्च गर्नु पर्नेछ ।

(९) उपदफा (६) बमोजिम प्राप्त गरेको रकमको सम्बन्धित संघले अलग्गै अभिलेख राखि प्रचलित कानून बमोजिम लेखा परीक्षण गराई सो को विवरण तोकिए बमोजिम सार्वजनिक गर्नु पर्नेछ ।

(१०) उपदफा (६) बमोजिम प्राप्त हुने रकमको खर्च तथा उपलब्धी विवरण राष्ट्रिय सहकारी विकास बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

(११) उपदफा (६) बमोजिमको रकम दुरुपयोग वा अन्य काममा उपयोग भएको पाइएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो रकम असुल उपर गराई कोषको रकम उपलब्ध गराउन रोक लगाउन सक्नेछ ।

**५०. अन्य कोष सम्बन्धी व्यवस्था** : (१) दफा ४६,४७,४८ र ४९ मा उल्लेखित कोषका अतिरिक्त सहकारी संस्थामा तोकिए बमोजिमका अन्य कोषहरु रहन सक्ने छन् ।

(२) उपदफा (१) बमोजिमको कोषको रकम शेयर लाभांश वितरण लगायत कोषको उद्देश्य बमोजिम विनियममा तोकिए बमोजिम उपयोग गर्न सक्नेछ ।

तर एक वर्षको शेयर लाभांशको रकम शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी हुने छैन ।

**५१. सुरक्षा प्रवन्ध** : सहकारी संस्थाले सदस्यको बचत संस्थाले संकलन गरेको निक्षेप, सेयर पूजी र विभिन्न कोषहरुको सुरक्षा प्रवन्ध विनियममा व्यवस्था गरी लागू गर्नु पर्दछ । कर्जा सुरक्षाको लागि समुह जमानत बाहेक विना धितो ऋृण लगानी गर्न बन्देज हुनेछ ।

## परिच्छेद -१०
## अभिलेख र सूचना

**५२. अभिलेख राख्नु पर्नेः** (१) सहकारी संस्थाले साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समितिले बैठकको निणर्य तथा काम कारबाहीको अध्यावधिक अभिलेख सुरक्षित साथ राख्नु पर्नेछ ।

(२) सहकारी संस्थाले आफूले गरेको सम्पूर्ण कारोबारहरुको लेखाको अभिलेख तथा अन्य आवश्यक अभिलेखहरु तोकिए बमोजिम सुरक्षित साथ राख्नु पर्नेछ ।

(३) सहकारीले सदस्यको अभिलेख राख्नु पर्दछ ।

**५३. विवरण उपलब्ध गराउनु पर्नेः** (१) सहकारी संस्थाले प्रत्येक वर्ष देहायका विवरणहरु सहितको प्रतिवेदन तोकिएको समय भित्र रजिष्ट्रार वा रजिष्ट्ररबाट तोकिएको अधिकर प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ :

(क) कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखा परीक्षण प्रतिवेदन ,

(ख) वार्षिक कार्यक्रम नीति तथा योजना ,

(ग) खुद बचत सम्बन्धी नीति तथा योजना,

(घ) संचालकको नाम तथा बाँकी कार्याविधिको सूची,

(ङ) साधारण सभाको बैठक सम्बन्धी जानकारी,

(च) शेयर सदस्य संख्या र शयेर पूजी,

(छ) संचालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम,

(ज) रजिष्ट्रार वा रजिष्ट्ररबाट तोकिएको अधिकर प्राप्त अधिकारले समय समयमा तोकिदिएको अन्य विवरण ।

## परिच्छेद - ११
## लेखा र परीक्षण

**५४. कारोबारको लेखा**: सहकारी संस्थाको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोवारको यथार्थ स्थीति स्पष्ट रुपमा देखिने गरी प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले लागू गरेको लेखामा (एकाउन्टीङ्ग स्टायर्डस) र यस ऐन बमोजिम पालना गर्नु पर्ने अन्य शर्त तथा व्यवस्था बमोजिम राख्नु पर्नेछ ।

**५५. लेखा परीक्षण** : (१) सहकारी संस्थाले प्रत्येक आर्थिक बर्षको लेखा परीक्षण सो आर्थिक बर्ष समाप्त भएको मितिले तीन महिना भित्र प्रचलित कानून बमोजिम इजाजत प्राप्त लेखा परीक्षणद्धारा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र कुनै सहकारी संस्थाले लेखा परीक्षण नगराएको पाईएमा रजिष्ट्रार वा रजिष्ट्रबाट तोकिएको अधिकार प्राप्त अधिकारीले त्यस्तो सहकारी संस्थाको लेखा परीक्षण इजाजत प्राप्त लेखा परीक्षकबाट गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउदा लेखा परीक्षकलाई दिनु पर्ने पारिश्रमिक लगायतको रकम सम्बन्धित सहकारी संस्थाले व्यहोर्ने छ ।

(४) उपदफा (१) वा (२) बमोजिम लेखा परीक्षकले गरेको लेखा परीक्षण प्रतिवेदन अनुमोदनको लागि साधारण सभा समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश भएको लेखापरीक्षण प्रतिवेदन साधारण सभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखा परीक्षणको लागि साधारण सभाले दफा ५६ को अधीनमा रही अर्को लेखापरीक्षक नियुक्ती गर्नेछ ।

**५६. लेखा परीक्षकको नियुक्ती** : (१) सहकारी संस्थाका लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम इजाजत प्राप्त लेखा परीक्षकहरु मध्येबाट साधारण सभाले एकजना लेखा परीक्षक नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्ती लेखा परीक्षकको पारिश्रमिक तथा सुविधा साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्ती गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तीन आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्ती गर्न सकिने छैन ।

**५७. लेखा परीक्षकमा नियुक्ती हुन नसक्ने** : (१) देहायका व्यक्ति लेखा परीक्षकमा नियुक्ती हुन तथा नियुक्ती भई सकेको भए सो पदमा बहाल रहन सक्ने छैन :

(क) सहकारी संस्थाको संचालक,

(ख) सम्बन्धित सहकारी संस्थाको सदस्य,

(ग) सहकारी संस्थाको नियमित पारिश्रमिक पाउने गरी नियुक्ती सल्लाहकार वा कर्मचारी,

(घ) लेखा परीक्षण सम्बन्धी कसूरमा सजाय पाएको तीन वर्षको अवधि भुक्तान नभएको,

(ङ) दामासाहीमा परेको,

(च) भ्रष्टाचार, ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसूरमा सजाय पाएको पाँच वर्ष भुक्तान नभएको,

(छ) सम्बन्धित सहकारी संस्था वा संघसग स्वार्थ बाझिएको व्यक्ति ।

(२) लेखा परीक्षकले आफू नियुक्ति हुनु अघि उपदफा (१) बमोजिम अयोज्ञ नभएको कुरा सहकारी संस्थालाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ

(३) कुनै लेखा परीक्षक आफ्नो कार्यकाल समाप्त नहुदै कुनै सहकारी संस्थाको लेखा परीक्षकको पदमा कायम रहन नसक्ने स्थीति उत्पन्न भएमा निजले लेखा परीक्षण गर्नु पर्ने वा गरिरहेको काम तत्काल रोकी सो कुराको जानकारी लिखित रुपमा सहकारी संस्थालाई दिनु पर्नेछ ।

(४) यस दफाको प्रतिकुल हुने गरी नियुक्ती भएको लेखा परीक्षकले गरेको लेखा परीक्षण मान्य हुने छैन ।

## परिच्छेद - १२
## छुट, सुविधा र सहुलियत

**५८. छुट, सुविधा र सहुलियत** : (१) प्रचलित कानूनमा जुन सुकै कुरा लेखिएको भएतापनि सहकारी संस्थालाई देहाय बमोजिमको छुट, सुविधा र सहुलियत प्राप्त हुनेछ :

(क) सहकारी संस्थाले अचल सम्पत्ति बाहेक कारोबार सम्बन्धी कुनै लिखत रजिष्ट्रेशन गर्नु, गराउनु पर्ने छैन ।

(ख) सहकारी संस्थाले आफ्नो कार्यालय तथा सेवा केन्द्रको भवन निर्माणका लागि आवश्यक पर्ने जग्गा जमिन लगायतका अचल सम्पत्ति खरीद गर्दा आय टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

तर,

(१) व्यावसायिक प्रयोजनका लागि जग्गा जमिन लगायतका अचल सम्पत्ति खरिद गर्दा प्रचलित कानून बमोजिम आय टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर लाग्नेछ ।

(२) रजिष्ट्रेशन दस्तर छुट प्राप्त गरी खरिद गरिएको जग्गा जमिन लगायतका अचल सम्पत्ति प्रयोग नगरी विक्री गरेमा सो बापत छुट पाएको रजिष्ट्रेशन दस्तुर फिर्ता गर्नु पर्नेछ ।

(ग) सहकारी संस्थाले ऋणलगानी गर्दा वा जमानत बापत राखेको जग्गा दृष्टी बन्धक पारित गर्दा कुनै पनि शुल्क लाग्ने छैन ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले दफा ४७ को उपदफा (२) को खण्ड (क) बमोजिम जगेडा कोषमा छुटयाएको रकम, दफा ४८ को उपदफा (२) बमोजिम संरक्षित पूजी फिर्ता कोष र दफा ४९ को उपदफा (२) बमोजिम सहकारी प्रवर्द्धन कोषमा जम्मा गरेको रकममा आयकर लाग्ने छैन ।

तर संरक्षित पूजी फिर्ता कोषबाट सदस्यले प्राप्त गरेको रकममा सदस्यको कर दायित्वका सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।

(३) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सहकारी संस्था आफ्नो प्रयोगकोलागि आयात गर्ने मेशीनरी, औधोगिक तथा कृषियन्त्र, उपकरण, पार्टपूर्जा, कच्चा पदार्थ तथा ढुवानीका साधनहरुमा लाग्ने भन्सार महशुल वा मूल्य अभिवृद्धि कर प्रचलित कानून बमोजिम छुट दिन सक्नेछ ।

(४) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सहकारी संस्थाले उत्पादन गरेको मालसामानमा लाग्ने अन्त शुल्क वा मुल्य अभिवृद्धि कर प्रचलित कानून बमोजिम आशिंक वा पुरै छुट दिन सक्नेछ ।

(५) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सहकारी संस्थाले उत्पादन गरेको बस्तु निकासी गर्दा त्यस्तो बस्तुमा लाग्ने निकासी कर छुट र उद्योगलाई दिए सरह प्रचलित कानून बमोजिम निकासी नगद अनुदान दिन सक्नेछ ।

(६) यस दफामा उल्लेखित छुटहरुका अतिरिक्त औधोगीक व्यवसाय गर्ने सहकारी संस्थालाई प्रचलित कानून बमोजिम उद्योगले पाए सरहको

र पूर्वाधार संरचनाको निर्माण तथा संचालन वा विशेष उद्योग व्यवसाय वा सेवा संचालन गर्ने सहकारी संस्थालाई प्रचलित कानून बमोजिम त्यस्तो उद्योग व्यवसाय वा सेवा ले पाए सरहको छुट सुविधा र संरक्षण समेत प्राप्त हुनेछ ।

(७) नेपाल सरकार,प्रदेश सरकार वा स्थानीय तहले विपन्न ग्रामीण महिला , अपांगता भएका व्यक्ति, मुक्त कमैया, मुक्त हलीया, भुमिहिन कृषक,बेरोजगार, श्रमीक र दलित तथा अल्पसंख्यक जनजाति समेतका सिमान्तकृत समूहको सहकारी खेतिपाति वा सदस्यको श्रम वा सीपमा आधारीत स्वरोजगारीका उद्योगधन्दा, प्रवर्द्धन गर्न प्रचलित कानून बमोजिम लाग्ने जुन सुकै कर आंशिक वा पुरै छुट दिन बीउ पूँजी, लागत सहभागीता, अनुदान, सहुलियतपूर्ण ऋण लागतको विशेष वित्तिय सुविधा तथा प्रविधिका टेवा प्रदान गर्न सकिने छ ।

(८) सार्वजनिक वा निजी उद्योग सहकारीकरण गरी श्रमीकहरुले आफ्नै स्वामत्विमा पूर्ण संचालन गर्न चाहेमा नेपाल सरकारले उद्योगको प्रकृति हेरी मनासिव अनुपातमा विउ पूजी अनुदान ऋण वा सौलियतपूर्ण ऋण कायम गरी स्वामीत्व हस्तान्तरण गर्न वा नीजि स्वामित्वको हस्तान्तरणमा कर छुट जमानत वा उपयुक्त सहयोग गरी प्रोत्साहन दिन सकिनेछ ।

(९) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी वशिष्टिकृत संघको ढाँचामा संचालन हुने सहकारी औधोगिक ग्राम, बजार स्थल समेतका ठुला सहकारी व्यवसायिक आयोजनाहरुलाई शेयर सहभागिता पूर्वाधार निर्माण जग्गा वा जग्गा प्राप्ति वा मुआव्जा वापतको रकम भुक्तानी उत्पादनमा लाग्ने अन्तः शुल्क वा मुल्य अभिवृद्धि कर आंशिक वा पूरै छुट लगायतका सुविधा प्रदान गर्न सकिने छ ।

(१०) यस दफा बमोजिमको छुट, सुविधा र  सहुलियत प्राप्ती सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ

## परिच्छेद–१३
## ऋण असुली तथा बाँकी बक्यौता

**५९. ऋण असुल गर्ने** : (१) कुनै सदस्यले सहकारी संस्था संग गरेको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा, लिखितको भाखाभित्र ऋणको साँवा, व्याज र हर्जना चुक्ता नगरेमा वा  ऋण लिएको रकम सम्बन्धित काममा नलागि हिना मिना गरिएको देखिएमा त्यस्तो सदस्यले ऋण  लिदा  राखेको धितोलाई सम्बन्धित सहकारी संस्थाले लिलाम विक्री गरी अन्य कुनै व्यवस्था गरी आफ्नो साँउ व्याज वा हर्जना असुल उपर गर्न सकिने छ

(२) कुनै सदस्यले सहकारी संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडी दिएमा  वा अन्य कुनै कारणबाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (१) वा (२) बमोजिमको धितोबाट पनि साँवा, व्याज र हर्जनाको रकम असुल उपर हुनु नसके मा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साँवा, व्याज र हर्जना असुल उपर गर्न सकिने छ ।

(४) यस दफा बमोजिम साँवा, व्याज र हर्जना असुल उप गर्दा लागेको खर्चको रकम तथा असूल उपर भएको सावा, व्याज र हर्जनाको रकम  कट्टा गरी बाकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम कुनै सहकारी संस्थाले ऋणीको धितो वा अन्य जायजेथा लिलाम विक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानून बमोजिम रजिस्ट्रेशन तथा दाखिला खारेज गर्नको लागि सम्बन्धित कार्यालयमा लेखि पठाउने छ र सम्बन्धित कार्यालयले पनि सोहि बमोजिम रजिष्ट्रेसन वा दाखिला खारेज गरी सोको जानकारी सम्बन्धित सहकारी संस्थालाई दिनु पर्नेछ ।

(६) यस दफा बमोजिम धितो राखेको सम्पत्ति लिलाम विक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्था आफैले सकार गर्न सक्ने छ ।

(७) उपदफा (६) बमोजिम आफैले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिला खारेज गर्न सम्बन्धित कार्यालयमा लेखि पठाउने छ र त्यसरी लेखि आएमा सम्बन्धित कार्यालयले सोहि बमोजिम रजिष्ट्रेशन वा दाखिला खारेज गरी दिनु पर्नेछ ।

(८) ऋण  असूली सम्बन्धित अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६०. कालो सूचीमा राख्ने व्यवस्था सम्बन्धी** : (१) सहकारी संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा भाखाभित्र ऋणको साँवा, व्याज फिर्ता नगर्ने व्यक्तिको नाम, कालोसूचीमा राखी संचार माध्यममा प्रकाशन गर्न सकिनेछ ।

(२) कालोसूचीमा प्रकाशन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६१. कर्जा सूचना केन्द्र** : (१) सहकारी संस्थाको कर्जा प्रवाहमा शुद्धता कायम गरी कर्जा प्रवाह सम्बन्धी सूचना प्राप्त गर्ने समेतका कार्य

गर्न दमक नगरपालिकाले सरोकारवालाको सहभागीतामा एक कर्जा सूचना केन्द्रको स्थापन गर्नेछ ।

(२) कर्जा सूचना केन्द्र सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हनेछ ।

६२. **कर्जा असूली न्यायधिकरण** : (१) सहकारी क्षेत्रका लागि एक कर्जा असूलि न्यायधिकरण रहने छ ।

(२) कर्जा असूली न्यायधिकरणको गठन र संचालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ

६३. **बाँकी वक्यौता असूल उपर गर्ने** : कसैले सहकारी संस्थालाई तिर्नु, बुझाउनु पर्ने रकम नतिरि बाँकि राखेमा त्यस्तो रकम सोको व्याज समेत सहकारी संस्थाले त्यस्तो व्यक्तिको जायजेथाबाट तोकीए बमोजिम असूल उपर गर्न सक्ने छ ।

६४. **रोक्का राख्न लेखी पठाउने** : (१) सहकारी संस्थाले दफा ५८ र ६० को प्रयोजनाको लागि प्रयोग गरेको सुवीधा कुनै व्यक्तिको खाता जायजेथाको स्वामीत्व हस्तान्तरण, नाम सारी वा विक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्का लेखि आएमा सम्बन्धित निकायले प्रचलित कानून बमोजिम त्यस्तो व्यक्तिको खाता जायजेथाको स्वामीत्व हस्तान्तरण, नामसारी वा विक्री गर्न नपाउने गरी रोक्का राखी दिनु पर्नेछ ।

६५ **अग्राधिकार रहने** : कुनै व्यक्तिले सहकारी संस्थालाइ तिर्नु पर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा नेपाल सरकारको कुनै हक दावि भए त्यसको लागि रकम छुट्याई वाकी रहन आएको रकममा सहकारी संस्थाको अग्राधिकार रहनेछ ।

६६. **कारबाही गर्न बाधा नपर्ने** : कुनै सहकारी संस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सहकारी संस्था उपर चलेको कुनै कारवाहिका कारणबाट त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐन वा प्रचलित कानून बमोजिमको कुनै कसुरमा कारवाहि चलाउन रोक लागेको मानिने छैन ।

## परिच्छेद- १४
## एकीकरण, विघटन तथा दर्ता खारेज

६७. **एकीकरण तथा विभाजन सम्बन्धी व्यवस्था** : (१) यस ऐनको अधीनमा रही दुई वा दुई भन्दा वढी सहकारी संस्थाहरु एक आपसमा गाभी एकिकरण गर्न वा एक सहकारी संस्थालाई भौगोलिक कार्यक्षेत्रको आधारमा दुई वा दुई भन्दा वढी सहकारी संस्थामा विभाजन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्बन्धित सहकारी संस्थाको कुल कायम रहेका सदस्य संख्याको बहुमतबाट निर्णय हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका शर्त र कायविधि समेत खुलाउनु पर्नेछ ।

(४) एकीकरण वा विभाजन सम्बनधी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६८. **विघटन र दर्ता खारेज**: (१) कुनै सहकारी संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारण सभाको तत्काल कायम रहेका बहुमत सदस्यको निर्णयबाट त्यस्तो सहकारी संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि समितिले रजिष्ट्रार र

रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(क) विनियममा उल्लेखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा ,

(ख) सदस्यको हित गर्न नसकिने भएमा ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन छानविन गर्दा त्यस्तो सहकारी संस्थाको विघटन गर्न उपयुक्त देखिएमा रजिष्ट्रार र रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो सहकारी संस्थाको दर्ता खारेजी गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुन सुकैकुरा उल्लेख गरिएको भएता पनि रजिष्ट्रार र रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले देहायको अवस्थामा सहकारी संस्थाको दर्ता खारेज गर्न सक्नेछ ।

(क) लगातार दुई वर्ष सम्म कुने कारोवार नगरी निश्कृय रहेका पाइएमा,

(ख) कुनै सहकारी संस्ताले यो ऐन वा ऐन अर्न्तगत बनेको नियमावली विपरितको कार्य वारम्वार गरेमा ,

(ग) विनियममा उल्लेखित उद्देश्य विपरीत कार्य गरेमा ,

(घ) सहकारीका मूल्य, मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा।

(४) उपदफा (२) वा (३) बमोजिम दर्ता खारेज गर्नु अघी रजिष्ट्रार र रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो सहकारी संस्थालाई सुनवाइको लागि कम्तिमा १५ दिनको समायवधि दिनु पर्नेछ ।

(५) उपदफा (२) वा (३) बमोजिम सहकारी संस्थाको दर्ता खारेज भएमा त्यस्तो सहकारी संस्था विघटन भएको मानिनेछ ।

(६) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि रजिष्ट्रारले नेपाल सरकारले तोकिएको सीमा भन्दा वढी रकम

अनुदान प्राप्त गरेको संस्थाको दर्ता खारेज गर्नु अघि नगरपालिकाको स्वीकृति र परामर्श लिनु पर्नेछ ।

(७) उपदफा (२) वा (३) बमोजिम सहकारी संस्थाको दर्ता खारेजी भएमा त्यस्तो संस्थाको दर्ता प्रमाण पत्र स्वतः रद्द भएको मानिनेछ ।

**६९. लिक्वीडेटरको नियुक्ती** : (१) दफा ६८ बमोजिम कुनै सहकारी संस्थाको दर्ता खारेज भएमा रजिष्ट्रार र रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले लिक्वीडेटर नियुक्ती गर्न सक्नेछ ।

(२) उपदफामा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि तोकिएको सीमा सम्मको सम्पत्ति भएको सहकारी संस्थाको हकमा रजिष्ट्रारले रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी वा कर्मचारीलाई लिक्वीडेटर नियुक्ती गर्न सकिनेछ ।

**७०. लिक्वीडेशन सम्बन्धी व्यवस्था** : (१) यस ऐन बमोजिम दर्ता खारेज भएको सहकारी संस्थाको लिक्वीडेटरको काम, कर्तव्य, अधिकार र पारिश्रमिक तथा लिक्वीडेशन सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) दफा ६९ को उपदफा (२) बमोजिम लिक्वीडेटर नियुक्त भएमा लिक्वीडेशनको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नेछ ।

**७१. लिक्वीडेशन पछिको सम्पत्तिको उपयोग** : कुनै सहकारी संस्थाको लिक्वीडेशन पश्चात सबै दायित्व भुक्तान गरी वाकी रहन गएको सम्पत्तिको उपयोग तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -१५
## रजिष्ट्रार

**७२.रजिष्ट्रार** : दमक नगर कार्यपालिकाले निजामति सेवाको राजपत्राङ्कित पदमा कार्यरत कर्मचारीलाई स्थानीय तहको रजिष्ट्रारको रुपमा कार्य गर्ने गरी तोक्नेछ ।

**७३. काम, कर्तव्य र अधिकार**: यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य तथा अधिकारको अतिरिक्त रजिष्ट्रारको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**७४. अधिकार प्रत्यायोजन** : यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियम बमोजिम रजिष्ट्रारलाई प्राप्त अधिकारहरु मध्ये आवश्यक्ता अनुसार केहि अधिकारहरु मात्र आफु मातहतका अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद -१६
## निरिक्षण तथा अनुगमन

**७५. निरीक्षण तथा हिसाब किताब जाँच गर्ने** : (१) रजिष्ट्रार र रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले सहकारी संस्थाको जुनसुकै बखत निरिक्षण तथा हिसाब जाँच गर्न, गराउन सक्नेछ ।

(२) नेपाल राष्ट्रिय बैंकले जुनसुकै बखत तोकीएको भन्दा वढी आर्थिक कारोवार गर्ने सहकारी संस्थाको हिसाव किताब वा वित्तिय कारोवारको निरिक्षण वा जाँच गर्न, गराउन सक्ने छन् ।

(३) उपदफा (२) को परियोजनाको लागि नेपाल राष्ट्रिय बैंकले आफ्ना कुनै अधिकार वा विशेषज्ञ खटाई आवश्यक विवरण

वा सूचनाहरु सहकारी संस्थाबाट झिकाई निरिक्षण तथा सुपरिवेक्षण गर्न सक्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा नेपाल राष्ट्रिय बैङ, रजिष्ट्रार र रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले माग गरेको जानकारी सम्बन्धित सहकारी संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

(५) उपदफा (१) वा (२) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा कुनै सहकारी संस्थाको कारबाही यो ऐन, यस ऐन अर्न्तगत बनेको नियम, निर्देशका, मापदण्ड वा र्कायविधि बमोजिम भएको नपाइएमा नेपाल राष्ट्रि बैङ, रजिष्ट्रार र रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले सम्बन्धित सहकारी संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो सहकारी संस्थाको कर्तव्य हुनेछ ।

७६. **छानबिन गर्न सक्ने** : (१) कुनै सहकारी संस्थाको व्यावसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको वा सो संस्थाको उद्देशय विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा पाँच प्रतिशत सदस्यले छानबिनको लागि निवेदन दिएमा रजिष्ट्रार र रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो संस्थाको छानविन गर्न , गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम गरिएको छानबिनको जानकारी सम्बन्धित सहकारी संस्थालाई लिखित रुपमा दिनु पर्नेछ

**७७. बचत तथा ऋणको कारोबार गर्ने संस्थाको निरिक्षण तथा अनुगमन सम्बन्धी व्यवस्था** : (१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सस्थाले तोकिए बमोजिम अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नु पर्नेछ ।

(२) रजिष्ट्रार र रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले बचत तथा ऋणको कारोबार गर्ने संस्थाको तोकिए बमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम संस्थाको निरीक्षण वा अनुगमन गर्दा रजिष्ट्रार र रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले आवश्यक्त अनुसार नेपाल राष्ट्र बैंक लगायतका अन्य निकायको सहयोग लिन सक्नेछ ।

(४) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाको निरीक्षण तथा अनुगमन सम्बन्धी अन्य व्यवस्था  तोकिए बमोजिम हुनेछ ।

**७८. अनुगमन गर्ने** : (१) रजिष्ट्रार र रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीबाट कुनै सहकारी संस्थाको  निरीक्षण नभएको वा त्यस्तो प्रभावकारी नभएकाले सदस्यको हितमा प्रतिकूल असर परेको भनी कुनै श्रोतबाट जानकारी हुन आएमा नगरपालिकाले त्यस्तो सहकारी संस्थाको निरीक्षण तथा अनुगमन गरी सम्बन्धित सहकारी संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्देशन दिएमा त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ ।

**७९. वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने** : (१) रजिष्ट्रारले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र सहकारी संस्थाको

निरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) रजिष्ट्रारले आर्थिक वर्ष समाप्त भएको मितिले एक महिना भित्र आफ्नो कार्यक्षेत्र भित्रको संस्थाको वार्षिक र प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरु खुलाउनु पर्नेछ :–

(क) संचालनमा रहेका सहकारी संस्थाको विवरण,

(ख) अनुगमन गरिएका सहकारी संस्थाको संख्या तथा आर्थिक कारोबारको विवरण,

(ग) सहकारी संस्थामा सहकारी सिद्धान्त र यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधिको पालनाको अवस्था ,

(घ) सहकारी संस्थाका सदस्यले प्राप्त गरेको सेवा सुविधाको अवस्था,

(ङ) सहकारी संस्थाको क्रियाकलापमा सदस्यको सहभागिताको स्तर अनुपात ,

(च) सहकारी संस्थाको आर्थिक क्रियाकलाप तथा वित्तीय सम्बन्धी तोकिए बमोजिमका विवरण,

(छ) सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था

(ज) सहकारी संस्थामा सुशासन तथा जिम्मेवारीको अवस्था ,

(झ) सहकारी संस्थामा रहेका कोषको विवरण,

(ञ) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरु ,

(ट) सहकारी संस्थाको दर्ता, खारेजी तथा विघटन सम्बन्धी विवरण,

(ठ) संस्थाले संचालन गरेको दफा १२ बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजनाको विवरण ,

(ड) तोकिए बमोजिमका अन्य विवरण ।

**८०. सहकारी बचत तथा कर्जा सुरक्षण कोष** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहले सहकारी संस्थाहरुको सहभागितामा संस्थाहरुले परिचालन गर्ने बचत र प्रदान गर्ने कर्जाको सुरक्षण व्यवस्थाको लागि एक सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गर्न सक्नेछ ।

(२) सहकारी बचत तथा कर्जा सुरक्षण कोष संचालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**८१. आपसी सुरक्षण सेवा संचालन गर्न सक्ने** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि संस्थाले विमा समितिबाट स्वीकृत योजनाको शर्त बन्देज अनुसार आफ्ना सदस्यहरुको वालिनालि, बस्तुभाउ वा अन्य कारोवार जस्ता योजनामा उल्लेखित कारणले भएको क्षतीको निश्चित अंशपूर्ति गर्ने गरी निर्धारित अधिकतम सीमा र शुल्क सम्मको आपसी सूरक्षण सेवा संचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आपसी सुरक्षण सेवा संचालन गर्न संस्थाको न्यूनतम मापदण्ड र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -१७
## समस्या ग्रस्त संस्था

**८२. संस्था समस्या ग्रस्त भएको घोषणा गर्न सकिने** : (१) यस ऐन बमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्थामा

देहायको अवस्था विद्यमान रहेको देखिएमा रजिष्ट्रारले त्यस्तो संस्थालाई समस्या ग्रस्त संस्थाको रुपमा घोषण गर्न नगर कार्यपालिका समक्ष सिफारिस गर्ने छ :-

(क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) संस्थाले पूरा गर्नु पर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नु पर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको ,

(ग) सदस्यहरुको बचत निर्धारीत शर्त बमोजिम फिर्ता गर्न नसकेको ,

(घ) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुने गरी संस्था संचालन भएको ,

(ङ) संस्था दामासाहीमा पर्न सक्ने अबस्थामा भएको वा उल्लेखनिय रुपमा गम्भीर आर्थिक कठिनाई भोगीरहेको ,

(च) एक वर्ष भित्र पनि सभा गर्न नसकेको,

(छ) कुनै संस्थाले सदस्यको बचत रकम फिर्ता गर्नु पर्ने अवधिमा फिर्ता नगरेको भनि त्यस्तो संस्थाका कम्तिमा पच्चिस जना सदस्यहरुले रजिष्ट्रार समक्ष निवेदन दिएकोमा छानविन गर्दा खण्ड (क देखि च ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको ,

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो संस्थालाई नगर कार्यपालिकाले समस्या ग्रस्त संस्था घोषणा गर्न सक्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नगर कार्यपालिकाले प्रचलित कानून बमोजिम गठन गरेको आयोगले कुनै संस्थालाई समस्या ग्रस्त संस्था घोषण गर्न सिफारीस गरेमा वा समस्या ग्रस्त भनि पहिचान गरेकोमा

वा त्यस्तो आयोगमा परेको उजुरी संख्या, औचित्य समेतको आधारमा नगर कार्यपालिकाले त्यस्तो संस्थालाई समस्या ग्रस्त संस्था घोषण गर्न सक्नेछ ।

८३. **व्यवस्थापन समितिको गठन** : (१) दफा ८२ बमोजिम कुनै संस्थालाई समस्या ग्रस्त संस्थाको रुपमा घोषणा गरिएकोमा त्यस्तो समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न दमक नगरपालिकाले एक व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको व्यवस्थापन समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु रहने छन् :-

(क) अध्यक्ष : न्यायिक समिति अध्यक्ष वा सदस्य मध्येवाट नगर कार्यपालिकाले नियुत्ती गरेको व्यक्ति – १ जना

(ख) सदस्य : नगरपालिकाको अधिकृत कर्मचारीहरु मध्येवाट नगर कार्यपालिकाले तोकेको १ जना

(ग) सदस्य : जिल्ला सहकारी संघले तोकिएको संचालक प्रतिनिधि १ जना

(घ) सदस्य : सहकारी क्षेत्रमा विज्ञहरु मध्येबाटनगर कार्यपालिकाले मनोनित गरेको २ जना

(ङ) सदस्य : सहकारी संस्थाको व्यवस्थापकहरु मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेको १ जना

(च) सदस्य सचिव : नगर कार्यपालिकाले तोकेको सम्बन्धित शाखा प्रमुख १ जना

जम्मा ७ जना

(३) व्यवस्थापन समितिको अध्यक्ष र सदस्यको पदावधि नियुक्तीको मितिले वढीमा दुई वर्षको हुनेछ र दमक नगरपालिकाले आवश्यक्ता अनुसार निजहरुको पदावधि वढीमा दुई वर्ष थप गर्न सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि व्यवस्थापन समितिको अध्यक्ष वा सदस्यको कार्य सम्पादन सन्तोषजनक नरहेमा दमक नगरपालिकाले निजलाई जुनसुकै वखत पदबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम व्यवस्थापन समितिको अध्यक्ष वा सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम रिक्त हुन आएको व्यवस्थापन समितिको कुनै पदमा दमक नगरपालिकाले उपदफा (२) को अधीनमा रही पूर्ति गर्नेछ ।

(७) व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८४. **व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** : व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ : -

(क) समस्याग्रस्त संस्थाको साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समितिले यो ऐन, यस ऐन अन्तगर्त बनेको नियम वा विनियम बमोजिम प्रयोग गर्न पाउने सम्पूर्ण अधिकार प्रयोग गर्ने,

(ख) समस्याग्रस्त संस्थाका समितिको सदस्य, निजका परिवार, नातेदार, संस्थाका कर्मचारी, संस्थासंग सम्बन्धित अन्य संस्था सम्बद्ध तथ्यको जनकारी भएका वा मिलेमतोबाट कारोबार गरिरहेका अन्य व्यक्ति वा संस्था लगायत व्यवस्थापन समितिले आवश्यक ठानेका व्यक्तिलाई व्यवस्थापन समितिमा उपस्थित गराउने , सोधपुछ गर्ने, बयान लिने, आवश्यक कागजात पेश गर्न लगाउने ।

(ग) समस्याग्रस्त संस्थाको सम्पत्ति तथा दायित्वको एकिन विवरण र तथ्यांक संकलन गरी अध्ययन, विश्लेषण, लेखाजोखा र मूल्यांकन गर्ने ,

(घ) समस्याग्रस्त संस्थाको सम्पत्ति सुरक्षा गर्ने,

(ङ) समस्याग्रस्त संस्थाको काम कारवाहि सम्बन्धी निर्णय तथा अभिलेख लगायतको सम्पूर्ण व्यवस्थापन आफ्नो नियन्त्रणमा लिने ,

(च) समस्याग्रस्त संस्थाले असूल गर्नु पर्ने ऋण, बाँकी बक्यौता तथा अन्य रकम यो ऐन, यस ऐन अन्तगर्त बनेको नियम वा विनियम बमोजिमको प्रकृया अवलम्बन गरी असूल गर्ने ।

(छ) समस्याग्रस्त संस्थाको धितोमा रहेको सम्पत्ति आवश्यक्ता अनुसार यो ऐन, यस ऐन अर्न्तगत बनेको नियम वा विनियम बमोजिम लिलाम विक्री गर्ने ,

(ज) समस्याग्रस्त संस्थाको सम्पत्ति विक्री गर्ने, उपयोग गर्ने तथा व्यवस्थापन गर्ने,

(झ) समस्याग्रस्त संस्थाका सदस्य तथा बचतकर्ताको बचत तथा शेयर रकम सम्बन्धी अभिलेख तयार गर्ने ,

(ञ) सदस्य तथा बचतकर्ताको बचत फिर्ता वा भुक्तानी दिने ,

(ट) समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी गर्नको लागि यो ऐन वा यस ऐन अन्तगर्त बनेको नियम बमोजिम लिक्विडेटरलाई भएको सबै अधिकार प्रयोग गर्ने,

(ठ) समस्याग्रस्त संस्थाको संचालक , कर्मचारी वा निजको परिवारको सदस्यले बचतकर्ताको बचत पुरै वा आंशिक रुपमा कुनै कम्पनि, संस्था वा आर्थिक कोरवार वा व्यवसायमा प्रयोग गरेको पाईएमा त्यसरी प्रयोग भएको

रकम वा सो बाट वढी बढाएको सम्पत्ति कब्जामा लिने र सो सम्पत्ति मध्येवाट बचतकर्ताको बचत भरी भराउ गर्न , लिलाम विक्री वा असूल उपर सम्बन्धी आवश्यक कारवाहि गर्ने ,

(ड) समस्याग्रस्त संस्थाको तर्फबाट कानूनी प्रतिरक्षा गर्ने ,

(ढ) समस्याग्रस्त संस्थाको संचालक र कर्मचारी वा निजका परिवारका सदस्य वा अन्य व्यक्तिको नाँउमा राखेको संस्थाको चल, अचल सम्पत्ति वा संस्थाको सम्पत्तिबाट खरिद गरेको अचल सम्पत्ति कब्जामा लिई त्यस्तो सम्पत्ति लिलाम विक्रीसमेत गरी बचतकर्तालाई फिर्ता दिलाउने काम गर्ने

**८५. लगत तयार गर्ने** : दफा ८४ बमोजिमको प्रयोजनको लागि व्यवस्थापन समितिले देहाय अनुसारको लगत तयार गर्ने छ :–

(क) समस्याग्रस्त संस्थाका सदस्य, बचतकर्ता, ऋणी वा संस्थाले भुक्तानी दिनु पर्ने व्यक्ति वा संस्थाहरुको नाँउ सूचि

(ख) समस्याग्रस्त संस्थाको नाँउमा रहेको वा लगानी गरेको अर्पाटमेण्ट लगायतका अचल सम्पितिको सूची

(ग) समस्याग्रस्त संस्थाको समितिको सदस्य, कर्मचारी वा निजको परिावारको वा नाता सम्बन्ध भएको व्यक्तिको नाएमा बैंक तथा वित्तिय संस्थाको खातामा रहेका नगद, सुनचादि तथा शेयर लगानीको,

(घ) समस्याग्रस्त संस्थाले  ऋण प्राप्त गर्नका लागि धितोमा राखेका जग्गा , जमिन र भवनको,

(ङ) समस्याग्रस्त संस्थाको स्वदेश तथा विदेशका जुनसुकै स्थानमा रहेका चल तथा अचल सम्पत्तिको ।

**८६. दायित्व भुक्तानी गर्ने व्यवस्था** : (१) व्यवस्थापन समितिले समस्याग्रस्ता संस्था को दायित्व भुक्तानी गर्नको लागि देहायको प्राथमिकता कायम गर्नु पर्नेछ :–

(क) बचत जम्मा गर्दाका बखत निर्धारीत शर्त बमोजिम सदस्यलाई बचत भुक्तानी ,

(ख) त्यस्तो संस्थाको जायजेथा वा दफा ८४ को खण्ड (ठ) बमोजिमको सम्पत्ति सरकारी बाकी बक्यौता वा कुनै हकदावि भएमा त्यस्तो वाकी बक्यौदा वा हकदाविको रकम भुक्तानी,

(ग) समस्यागृस्ता संस्थालाई अर्पाटमेन्ट वा जग्गाको लागि अग्रिम रुपमा रकम बुझाउने व्यक्तिहरुको भुक्तानी ,

(घ) समस्याग्रस्त संस्थाका साहुहरुलाई रकम भुक्तानी,

(२) यस दफा बमोजिम समस्याग्रस्त संस्थाको सम्पूर्ण दायित्व भुक्तानी गर्नको लागि त्यस्तो संस्थाको सम्पत्तिले नखामेमा व्यवस्थापन समितिले सदस्यको बचत फिर्ता तथा अन्य दायित्व भुक्तानी गर्दा दामासाहिको दरले गर्न सक्नेछ । त्यसरी सदस्यको बचत फिर्ता गर्दा व्यवस्थापन समितिले तोकेका साना बचतकर्तालाई प्राथमिकता दिनु पर्नेछ ।

**८७. अधिकार सुम्पन्न सक्ने** : व्यवस्थापन समितिले समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन गर्दा आफुलाई प्राप्त अधिकार व्यवस्थापन समितिका अध्यक्ष, सदस्य वा कुनै कर्मचारीले प्रयोग गर्न तथा पालन गर्न पाउने गरी सुम्पन्न सक्नेछ ।

**८८. अधिकार स्वत निलम्बित हुने** :(१) यस ऐन बमोजिम व्यवस्थापन समिति गठन भएको मिति देखि समस्याग्रस्त संस्थाको समिति, व्यवस्थापक तथा कर्मचारी अधिकार व्यवस्थापन समितिले कार्य

प्रारम्भ गरेपछि स्वतः निलम्बन हुनेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएतापनि समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्नको लागि त्यस्तो संस्थाको समितिको सदस्य, व्यवस्थापक तथा कर्मचारीको निलम्बन फुकुवा गरी व्यवस्थापन समितिले काजमा खटाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम व्यवस्थापन समितिले काममा खटाएकोमा सो बमोजिमको जिम्मेवारी पूरा गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

८९. **दावी पेश गर्ने सूचना दिनु पर्ने** : व्यवस्थापन समितिले कार्य प्रारम्भ गरेपछि समस्याग्रस्ता संस्थाका सदस्य, बचतकर्ता तथा साहुहरुलाई आफुले पाउनु पर्ने रकमको दावि पेश गर्न राष्ट्रि स्तरको दैनिक पत्रिकामा कम्तीमा पन्ध्र दिनको समयावधि दिई सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने छ ।

९०. **लेखा परीक्षण प्रतिवेदन तयार** : व्यवस्थापन समितिले कार्य प्रारम्भ गरेको मितिले ५ महिना भित्र त्यस्तो समस्याग्रस्त संस्थाको लेखा परीक्षण गरी सोको प्रतिवेदन तयार गरी सार्वजनिक गर्नु पर्नेछ ।

९१. **उपचारात्मक कार्य गर्न सक्ने**: यस ऐन बमोजिम भएको लेखापरीक्षण प्रतिवेदनको आधारमा समस्याग्रस्त संस्था पुन संचालन हुन सक्छ भन्ने आधार र कारण भएमा व्यवस्थापन समितिले देहायका उपचारात्मक कार्यहरु गर्न सक्नेछ :

(क) समितिलाई व्यवस्थापन वा काम कारोबार संचालन गर्न आदेश दिने,

(ख) सम्बन्धित संस्थाका शेयर सदस्यहरु मध्येबाट अन्तरिम समितिको गठन गरी व्यवस्थापन वा काम कारोवार संचालन गर्न लगाउने,

(ग) समिति विघटन गरी त्यस्तो संस्थाको  साधारण सभा बोलाई सो को व्यवस्थापन वा काम कारोवार संचालन गर्न नया समितिको गठन गर्ने वा गराउने ।

(घ) सम्बन्धित संस्था सदस्य रहेको केन्द्रिय विषयगत सहकारी संघ वा राष्ट्रिय महासंघले समस्याग्रस्त संस्थाको पुनः संचालनको लागि विश्वासनिय कार्य योजना पेश गरी पुनः संचालनको जिम्मेवारी लिन चाहेमा तोकिए बमोजिमको शर्त बन्देज सहित त्यस्तो जिम्मेवारी दिने ।

(ङ) व्यवस्थापन समितिले उपयुक्त देखेको अन्य सुधारात्मक र उपचारात्मक उपाय अवलम्बन गर्ने ,

९२. **व्यवस्थापन समितिले लेखि पठाउन सक्ने** : (१) व्यवस्थापन समितिले समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्ने शिलशिलामा  देहायको कार्य गर्न सम्बन्धित निकाय समक्ष लेखि पठाउन सक्नेछ ।

(क) समितिको सदस्य, व्यवस्थापक तथा कर्मचारी वा निजका परिवारका सदस्य वा संस्थाको कुनै वैंक वा वित्तिय संस्थामा भएको आर्थिक कारोवार वा खाता वा अन्य चल, अचल सम्पत्ति रोक्का राख्न ,

(ख) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारलाई राहादानी जारी नगर्न वाजारी भई सके को भए सो राहादानी रोक्का राख्न,

(ग) समस्याग्रसत संसथाको  ॠण नर्तिने सदस्य वा व्यक्तिको नाम कालोसूचीमा समावेश गर्न,

(२) उपदफा (१) बमोजिम लेखि आएमा सम्बन्धित निकायले सो बमोजिम गरी गराई सो को जानकारी व्यवस्थापन समितिलाई दिनु पर्नेछ ।

९३. **सिफारिस गर्न सक्ने** : (१) समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानीको काम कारवाहिमा सहयोग नगर्ने वा त्यस्तो काम कारवाहिमा अवरोध सृजना गर्ने कुनै निकायको पदाधिकारी वा कर्मचारीलाई विभागिय कारवाहि वा अन्य आवश्यक कारवाहि गर्न व्यवस्थापन समितिले सम्बन्धित निकाय समक्ष सिफारीस गर्न सक्नेछ ।

(२) उपदफा(१) बमोजिम सिफारिस प्राप्त भएमा अख्तियारवाला ले त्यस्तो पदाधिकारी वा कर्मचारीलाई प्रचलित कानून बमोजिमको प्रकृया पूरा गरी विभागिय वा अन्य आवश्यक कारवाहि गर्नु पर्ने छ

(३) व्यवस्थापन समितिले समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी सम्बन्धी काम कारवाहि गर्दा दफा ९९ बमोजिमको कसूर भएको विश्वास गर्नु पर्ने मनासिव आधार देखिएमा यस ऐन बमोजिम अनुसन्धान तहकीकात गरी मुद्या दायर गर्न अधिकार प्राप्त निकाय समक्ष लेखि पाठाउने छ ।

९४. **प्रतिवेदन पेश गर्नु पर्ने** : व्यवस्थापन समितिले समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी सम्बन्धी कार्य सम्पन्न गरेको एक महिना भित्र देहायका विवरणहरु खुलाई नगरपालिका समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ :–

(क) सदस्यको बचत रकम फिर्ता,

(ख) भुत्तानी भएको दायित्व,

(ग) बाँकी रहेको सम्पति तथा दायित्व सम्बन्धी विस्तृत विवरण,

(घ) संस्थाको संचालन सम्बन्धमा नेपाल सरकारले अवलम्बन गर्नु पर्ने नीति सम्बन्धी सुझाब,

(ङ) व्यवस्थापन समितिले देखेको अन्य विवरण,

९५. **व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यको सेवा शर्त** : (१) व्यवस्थापन समिति का अध्यक्ष तथा सदस्य पूरा समय काम गर्ने पदाधिकारी हुनेछन् ।

(२) व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यको पारिश्रमिक र सुविधा दमक नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(३) व्यवस्थापन समितिको अध्यक्ष र सदस्यले आफ्नो पदिय कर्तव्य पालनाको शिलशिलामा थाहापाएको कुनै पनि सूचना वा जानकारी अनधिकृत व्यक्तिलाई दिनु हुदैन ।

९६. **सहयोग माग गर्न सक्ने** : (१) व्यवस्थापन समितिले आफ्नो काम, कर्तव्य र अधिकार प्रयोग गर्दा आवश्यक्ता अनुसार अन्य निकायको सहयोग माग गर्न सक्नेछ

(२) उपदफा (१) बमोजिम व्यवस्थापन समितिले माग गरेको सहयोग उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(३) व्यवस्थापन समितिले समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी गर्दा सम्बन्धित निकायहरु संग समन्वय गरी आफ्नो काम कारवाहि अघी वढाउन सक्नेछ ।

९७. **विशेषज्ञ सेवा लिन सक्ने** : (१)व्यवस्थापन समितिले आवश्यक्ता अनुसार सम्बन्धित विषयका प्राविधिक वा विशेषज्ञको सेवा लिन सक्नेछ ।

(२) प्राविधिक वा विशेषज्ञको सेवा लिए वापत व्यवस्थापन समितिले सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी पारिश्रमिक तथा सुविधा प्रदान गर्न सक्नेछ ।

## परिच्छेद-१८
## कसूर, दण्ड जरिबाना तथा पुनरावेदन

९८. **कसूर गरेको मानिने** : कसैले देहायको कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछः-

(क) दर्ता नगरी वा खारेज भएको सहकारी संस्था संचालन गरेमा वा कुनै व्यक्ति, फर्म वा कम्पनीले आफ्नो नाँउमा सहकारी शब्द वा सो शब्द को अंग्रेजी रुपान्तरण राखि कुनै कारोवार व्यवसाय, सेवा प्रवाह वा अन्य कुनै कार्य गरेमा,

(ख) सदस्यको बचत यस ऐन र यस ऐन अन्तगर्त बनेको नियम, विनियम बमोजिम बाहेक अन्य कुनै पनि प्रयोजनका लागि प्रयोग गरेमा ,

(ग) तोकिएको भन्दा बढी रकम ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा,

(घ) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले सहकारी संस्थाको सम्पत्ति, बचत वा शेयर रकम हिनामिना गरेमा,

(ङ) ऋण असुल हुन नसक्ने गरी समितिका कुनै सदस्य, निजको नातेदार वा अन्य व्यक्ति वा कर्मचारीलाई ऋण दिई रकम हिनामिना गरेमा ,

(च) समितिका कुनै सदस्यले एक्लै वा अन्य सदस्यको मिलेमतोमा सहकारी संस्थाको शेयर वा वचत रकम आफुखुसी परिचालन गरी सहकारी संस्थालाई नोक्सानी पुर्याएमा,

(छ) झुट्टा वा गलत विवरण पेश गरी कर्जा लिएमा, राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना गरेमा,

(ज) सहकारी संस्थाले यस ऐन र यस ऐन अन्तर्गत बनेका नियम विनियम विपरीत लगानी  गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाएमा,

(झ) कृतिम व्यवसाय खडा गरी वा गराई ऋण लिए वा  दिएमा ,

(ञ) धितोको अस्वभाविक रुपमा बढी मूल्याङ्न गरी ऋण लिएमा वा दिएमा,

(ट) झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रुपमा बढाई बढी ऋण दिएमा वा दिएमा,

(ठ) कुनै व्यक्ति वा सहकारी संस्थालाई एक पटक दिइसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई वा सो सुरक्षणले खामेको मूल्यभन्दा बढी हुने गरी सोही  सुरक्षण अन्य संस्थामा राखी पुनः ऋण लिए वा दिएमा,

(ड) सहकारी संस्थाबाट जुन प्रयोजनको लागि सेवा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गराए वा गरेमा,

(ढ) सहकारी संस्थाको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाई वा उडाई अर्के अर्थ निश्कने व्यहोरा पारी मिलाई लेख्ने वा अर्को  भिन्नै स्रेस्ता राख्ने जस्ता काम गरेबाट आफुलाई वा अरु कसैलाई फाईदा वा हानि नोक्सानी गर्ने उद्देश्यले कृते गर्न वा अर्काको हानि नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको हो भनि वा मिति, अंक वा व्यहोरा फरक पारी

सहि छाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाझ गरे वा गराएमा,

(ण) ऋणको धितो स्वरुप राख्ने चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य प्रयोजनका लागि मूल्यांकन गर्दा मूल्यांकन कर्ताले वढी, कम वा गलत मुल्यांकन गरी सहकारी संस्थालाई हानि नोक्सानी पुर्याउने कार्य गरे वा गराएमा ,

(त) सहकारी सस्थालाई हानी नोक्सानी पुर्याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिसा गर्न वा गराउन कुनै किसिमको रकम लिन वा दिन विना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा चन्दा लिन वा दिन गलत लिखत तयार गर्न वा गराउन अनुवाद गर्न वा गराउन वा गैह्र कानूनी लाभ वा हानी पूर्याउने बदनियतले कुनै कार्य गरे वा गराएमा,

(थ) कुनै सहकारी संस्था वा सोको सदस्य वा बचतकर्ता वा तीमध्ये कसैलाई हानि नोक्सानि पुग्ने गरी लेखा परीक्षण गरे गराएमा वा लेखा परीक्षणको झुटो प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा,

९९ . **असल नियतले गरेको कामको बचाउः** (१) यस ऐन अर्न्तगत बनेको नियम, विनियम वा निर्देशिका बमोजिम असल नियतले गरेको कुनै काम कारबाहीको सम्बन्धमा नगरपालिका वा सहकारी संघ सस्थाहरुको पदाधिकारी वा कर्मचारी व्यक्तिगत वा सामूहिक रुपले जवाफदेहि हुने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रक्रिया पुरा नगरी र बद्नियत साथ गरिएको कार्यको कुनै बचाउ हुने छैन ।

**१००. सजाय** : (१) कसैले दफा ९८ को कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछ :

(क) खण्ड (क), (ग), (ड) र (थ) को कसूरमा एक बर्ष सम्म कैद र एक लाख सम्म जरिवाना,

(ख) खण्ड (ठ) को कसूरमा दुई बर्ष सम्म  कैद र दुई लाख रुपैयाँ सम्म जरिबाना,

(ग) खण्ड (ख) को कसूरमा बिगो बराबरको रकम जरिबाना गरी तीन बर्ष सम्म कैद ,

(घ) खण्ड (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट), (ण) र (त) को कसूरमा बिगो भराई बिगो बमोजिम जरिबाना गरी देहाय बमोजिमको कैद हुनेछ ।

(१) दश लाख रुपैया सम्म बिगो भए एक वर्ष सम्म कैद

(२) दशलाख रुपैया भन्दा बढी पचास लाख रुपैया सम्म बिगो भए दई्ु वर्ष देखि तीन वर्ष सम्म कैद,

(३) पचाँसलाख रुपैया भन्दा बढी एक करोड रुपैया सम्म विगो भए तीन वर्ष देखि चार वर्ष समम कैद,

(४) एक करोड  रुपैया भन्दा  बढी दश करोड  रुपैया सम्म बिगो भए चार वर्ष देखि  आठ  वर्ष सम्म कैद र  रकमको डवल जरिवाना,

(५) दश करोड रुपैया भन्दा बढी एक अर्ब रुपैया सम्म बिगो भए सात वर्ष देखि पन्ध्र  वर्ष सम्म कैद र रकमको डवल जरिवाना,

(६) एक अर्ब रुपैया भन्दा  बढी जतिसकै रुपैया बिगो भए पनि अठारवर्षदेखि वीस वर्ष सम्म कैद रकमको डवल जरिवाना,

(ङ) दफा ९८ को (ढ) को कसूरमा दश बर्ष सम्म कैद ।

(२) दफा ९८ को कसूर गर्न उद्योग गर्न वा त्यस्तो कसूर गर्न मदत पुर्याउने व्यक्तिलाई मुख्य कसुरदार हुने सजायको आधा सजाय हुनेछ ।

(३) दफा ९८ को कसूर गर्ने वा त्यस्तो कसूर गर्न मदत पुर्याउने कुनै निकाय वा संघ संस्था भए त्यस्तो निकाय वा संघ संस्थाको प्रमुख कार्यकारी वा पदाधिकारी वा कार्यकारी हैसीयतमा कार्य सम्पादन गर्ने व्यक्तिलाई यस ऐन बमोजिम हुने सजाय हुनेछ ।

**१०१. जरिबाना हुने** : (१) दफा १०७ बमोजिम कसैको उजुरी परी वा सहकारी संस्थाको निरीक्षण , अनुगमन वा  हिसाब किताबको जाँच गर्दा वा अन्य कुनै व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाईएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो कार्यको प्रकृति र गम्भिरताका आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाख सम्म रुपैया सम्म जरिवाना गर्ने छ ।

(क) यो ऐन वा यस ऐन अन्तगर्त बनेका नियम विपरीत सदस्यसँग ब्याज लिएमा,

(ख) सहकारी संस्थाले प्रदान गर्ने बचत र ऋणको ब्याजदर बीचको
अन्तर ६% छ प्रतिशतभन्दा बढी कायम गरेमा,

(ग) सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल कर्जामा पूजीकृत गरीएको आधारमा ब्याज लगाएमा,

(घ) कुनै सदस्यलाई आफ्नो पूँजी कोषको तोकिए बमोजिमको प्रतिशतभन्दा बढी हुने गरी ऋण प्रदान गरेमा,

(ङ) संस्था दर्ता बखतका सदस्य बाहेक अनय सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋृण लगानी गरेमा,

(च) प्राथमिक पूजी कोषको पन्ध्र गुण भन्दा बढी हुने गरी बचत संकलन गरेमा,

(छ) शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी शेयरलाभांश वितरण गरेमा,

(ज) सहकारी संस्थाले आफ्नो कार्यक्षेत्र बाहिर गई कारोबार गरेमा वा गैर सदस्य सँग कारोबार गरेमा वा गैह्र सदस्य संग कारोवार गरेमा,

(झ) सहकारी संस्थाले यो ऐन विपरीत कृतिम व्यक्तिलाई आफ्नो सदस्यता दिएमा ।

(२) उपदफा (१) मा लेखिएको ब्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो कार्यको प्रकृति र गम्र्भीयताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई तीन लाख रुपैया सम्म जरिबाना गर्न सकनेछ :–

(क) यो ऐन वा यस ऐन अन्तगर्त बनेको नियम बमोजिम दिएको कुनै निर्देशन वा तोकिएको मापदण्डको पालना नगरेमा,

(ख) यो ऐन वा यस ऐन अन्तगर्त बनेको नियम बमोजिम दिनु पर्ने कुनै विवरण, कागजात, प्रतिवेदन, सूचना वा जानकारी नदिएमा,

(ग) यस ऐन बमोजिम निर्वाचन नगरी समिति तथा लेखा सपुरिवेक्षणा समितिका पदाधिकारीहरु आफू खुशी परिवतर्न गरेमा,

(घ) कुनै सहकारी संस्थाले दफा १४ को उपदफा (४) बमोजिमको तोकिएको शर्त पालना नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियम विपरीत अन्य कार्य गरेमा ।

(३) उपदफा (१) वा (२) बमोजिमको जरिबाना गर्नु अघि रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले सम्बन्धित व्यक्ति वा सहकरी संस्थालाई पेश गर्न कम्तीमा पन्ध्र दिनको समयावधि दिनु पर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिमको जरिबाना गर्ने अधिकारको प्रयोगको  हकमा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले गर्नेछ ।

**१०२. रोक्का राख्ने** : (१) रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले सम्बन्धित सहकारी संस्थालाई दफा १०२ बमोजिम जरिबाना गर्नुका अतिरिक्त तीन महिना सम्म यस्तो सहकारी संस्थाको कारोवार सम्पत्ति तथा बैंक खाता रोक्का राख्ने तथा सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई समावेश गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा यस्तो सहकारी संस्थाको कारोवार सम्पत्ति वा बैङ खाता रोक्का राखी सोको जानकारी रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ ।

**१०३. दोब्बर जरिबाना हुने** : (१) दफा १०१ बमोजिम जरिबाना भएको व्यक्ति वा  सहकारी संस्थाले पुन : सोहि कसुर गरेमा त्यस्तो व्यक्ति वा सहकारी संस्थालाई रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले दोस्रो पटक देखि प्रत्येक पटकको दोब्बर जरिबाना गर्नेछ ।

१०४. **अनुसन्धानको लागि लेखी पठाउन सक्ने** : संघीय मन्त्रालय, नेपाल राष्ट्रिय बैंक , रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले यस ऐन बमोजिम आफ्नो काम कर्तव्य र अधिकारको पालना गर्दा कसैले दफा ९८ बमोजिमको कसूर गरेको थाहा पाएमा त्यस्तो कसूरका सम्बन्धमा यस ऐन बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

१०५. **नेपाल सरकारवादी हुने** : दफा १०१ बमोजिमको सजाय हुने कसूर सम्बन्धी मुद्दा नेपाल सरकारबादी हुनेछ र त्यस्तो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनसूची (१) मा समावेश गरेको मानिनेछ ।

१०६ **मुद्दा हेर्ने अधिकारी** : दफा १०१ बमोजिमको सजाय हुने कसुर सम्बन्धी मुद्धाको कारवाहि र किनारा सम्बन्धित जिल्ला अदालतबाट हुनेछ ।

१०७. **उजुरी दिने हदम्याद** : (१) कसैले दफा १०२बमोजिमको सजाय हुने कसूर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिनभित्र उजुरी दिनु पर्नेछ ।

(२) कसैले दफा १०१ बमोजिम जरिबाना हुने कार्य गरेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिन भित्र रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष उजुरी दिनु पर्नेछ ।

१०८. **पुनरावेदन गर्न सक्ने** : (१) दफा ८ बमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेको वा दफा ६८ बमोजिम सहकारी संस्था दर्ता खारेज गरेकोमा चित्त नबुझ्नेले सो निर्णयको

जानकारी पाएको मितिले पैतिस दिन भित्र रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीको निर्णय उपर रजिष्ट्रार समक्ष र रजिष्ट्रारले गरेको निर्णय उपर नगरपालिका वोर्ड समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(२) दफा १०१ बमोजिमको जरिबानामा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैतिस दिन भित्र देहाय बमोजिम पुनरावेदन गर्न सक्नेछ :

(क) रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले गरेको निणर्य उपर सम्बन्धित जिल्ला अदालतमा,

(ख) रजिष्ट्रार वा नेपाल राष्ट्रिय बैंकले गरेको निर्णय उपर सम्बन्धित उच्च अदालत

**१०९. असुल उपर गरिने** : यस परिच्छेद बमोजिम कुनै व्यक्तिले तिर्नु पर्ने जरिवाना वा कुनै रकम नतिरी बाकी रहेकोमा त्यस्तो जरिवाना वा रकम निजबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

**११० : सहकारी उत्कृष्टता सम्बन्धी मूल्यांकन** : सहकारी उत्कृष्ट सम्बन्धी मूल्यांकनको ढाचाँ तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१९
## विविध

**१११. संस्था संचालन सम्बन्धी विशेष व्यवस्था** : (१) यस ऐनमा अन्यत्र जुनसुकै व्यवस्था भएतापनि यो ऐन प्रारम्भ हुदाका बखत स्थानीय तह वा राष्ट्रिय सहकारी वोर्डको स्वामित्व वा नियन्त्रणमा रहेको नेपाल सरकारको एकाउन्न प्रतिशत शेयर स्वामीत्व भएको साझा यातायात, साझा प्रकाशन, साझा स्वास्थ्य, साझा भण्डार, साझा सेवा जस्ता संस्थाको घर जग्गा र अन्य अचल सम्पत्ति नेपाल सरकारको स्वीकृति विना बेचविखन गर्न धितो राख्न र पाँच वर्ष वा सो भन्दा वढी अवधिको लागि लिजमा लिन पाईने छैन ।

(२) स्थानीय तहले उपदफा (१) बमोजिमका संस्थाले प्रदान गर्ने वस्तु वा सेवाको व्यवस्थाका लागि प्राथमिकता दिनु पर्ने छ र त्यस्ता संस्थालाई वित्तिय सहयोग प्रदान गरी सहकार्य समेत गर्न सक्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि उपदफा (१) बमोजिमको संस्थाको संचालन तथा व्यवस्थापन सम्बन्धित अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११२. मताधिकारको प्रयोग** : कुनै सदस्यले सहकारी संस्थाको जतिसुकै शेयर खरिद गरेको भए तापनि सम्बन्धित सहकारी संस्थाको कार्य संचालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्न सक्नेछ ।

**११३. सामाजिक परीक्षण गराउन सक्ने** : (१) सहकारी संस्थाले विनियममा उल्लेखित उद्देश्य प्राप्त गर्नका लागि समितिबाट भएका निर्णय र कार्य, सदस्यहरुले प्राप्त गरेका सेवा र सन्तुष्टिको स्तर, सेवा प्राप्तबाट सदस्यहरुको जीवनस्तरमा आएको आर्थिक, सामाजिक, सांस्कृतिक  तथा बातावरणिय पक्षमा सकारात्मक परिवर्तन लगाउतका विषयमा सामाजिक परीक्षण  गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन छलफलको लागि समितिले साधारण सभा समक्ष पेश गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी साधारण सभाले आवश्यक्ता अनुसार समितिलाई निर्देशन दिन सक्नेछ ।

(४) यस दफा बमोजिमको सामाजिक परीक्षण प्रतिवेदनको एक प्रति सम्बन्धित सहकारी संस्थाले रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

**११४. सहकारी शिक्षा**: (१) नगरपालिकाले विद्यालय तहको पाठ्यक्रममा आधारभूत सहकारी ज्ञान  समावेश गर्नुको साथै सहकारी विद्यालय र विश्व विद्यालय अर्न्तगत सहकारी संकाय वा शिक्षालय(स्कूल अफ कोअपरेटीभ) स्थापना गर्न आवश्यक सहयोग गर्न सक्नेछ ।

(२) सहकारी शैक्षिक क्रियाकलाप संचालन गर्ने सहकारी संस्था वा निकायको प्रमाणिकरण (एक्रेडिभेसन) लगायत सहकारी शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११५. आर्थिक सहयोग गर्न नहुने** : सहकारी संस्थाको रकम सदस्य बाहेक अरु कसैलाई सामाजिक कार्यमा बाहेक अन्य कार्यका लागि आर्थिक सहयोग गर्न पाईने छैन ।

स्पष्टीकरण : यस दफाको परियोजनाका लागि सामाजिक कार्य भन्नाले शिक्षा, स्वास्थ्य, वातावरण समक्ष मानविय सहायता सहकारिता, प्रवन्धन सम्बन्धी कार्यलाई जनाउछ ।

**११६. अन्तर सहकारी कारोबार गर्न सक्ने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सहकारी संस्थाले एक आपसमा अर्न्तर सहकारीको कारोवार गर्न सक्नेछन् ।

(२) अन्तर सहकारी कारोबारको प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**११७. कर सम्बन्धी व्यवस्था** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिका क्षेत्र भित्र संचालित वित्तिय कारोवार गर्ने सहकारी संस्थालाई पाँच प्रतिशत कर लाग्ने छ ।

**११८. ठेक्का पट्टा दिन नहुने** : सहकारी संस्थाले आफ्नो समितिको कुनै संचालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई सो सहकारी संस्थाको ठेक्का पट्टा दिन हुदैन ।

**११९. विवाद समाधान** : सहकारी संस्थाका बीच कुनै विवाद उत्पन्न भएमा सो विवाद निरुपणका लागि तोकिए बमोजिम विवाद निरुपण समितिको गठन गर्न सकिनेछ

**१२०. प्रोत्साहन गर्न सकिने** : सहकारी क्षेत्रको प्रवर्द्धनका लागि उल्लेखयनिय योगदान गर्ने व्यक्ति सहकारी संस्था वा अन्य निकायलाई तोकिए बमोजिम प्रोत्साहन गर्न सक्नेछ ।

**१२१. विभागीय कारबाही हुने** : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लेखित अधिकारको वद्नियतपूर्ण प्रयोग गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागिय कारवाहि गर्ने छ ।

**१२२. सरकारी बाँकी सरह असुल उपर हुने** : कुनै सहकारी संस्थाले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरुपयोग गरेको पाईएमा प्रचलित कानून बमोजिम सरकारी बाकी सरह असुल उपर गरिने छ ।

**१२३. कम्पनी सम्बन्धी प्रचलित ऐन लागू नहुने** : यस ऐन अन्तर्गत दर्ता भएको सहकारी संस्थाको हकमा कम्पनी सम्बन्धी प्रचलित ऐन लागू हुने छैन ।

**१२४. प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा नपर्ने** : यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानून बमोजिम अदालतमा मुद्या चलाउन बाधा पुर्याएको मानिने छैन ।

**१२५. नियम बनाउने अधिकार :** यस ऐनको कार्यान्वयनको लागि दमक नगरपालिकाले आवस्यक नियम, निर्देशिका बनाउन सक्नेछ ।

**१२६. व्यवसाय गर्न बन्देज :** कुनै पनि सहकारी संस्थालाई देहायका कार्य गर्न र त्यसमा लगानी गर्न बन्देज हुनेछ :

(क) हात हतियार, खरखजानाको उद्योग खोल्न र लगानी गर्न,

(ख) रक्सी पसल खोल्न र लगानी गर्न ,

(ग) सूर्ति जन्य उद्योग संचालन गर्न ।

**१२७. वाधा अड्काउ** : यो ऐन कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ आईपरेमा प्रचलित कानून बमोजिम नगर कार्यपालिकाले वाधा अड्काउ फुकाउन सक्नेछ ।

**१२८.** यो ऐनमा उल्लेख भएको कुरा यसै ऐन बमोजिम हुनेछ । यस ऐनमा उल्लेख नभएको कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

दफा ६ को उपदफा १  संग सम्बन्धित

## अनुसूची १

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
दमक नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,

विषय : संस्था दर्ता प्रकृया सम्बन्धमा ।

म/हामीले तपशिलमा उल्लेखित विवरण अनुसारको सहकारी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विधान समेत तयार गरी सकेकोले एक प्रति विधान यसै निवेदन साथ संलग्न राखी  विधान स्विकृति र संस्था दर्ताका लागि आवेदन गरेको छु/छौं । नियमानुसार संस्था दर्ता गरी दिनु हुन अनुरोध गरिन्छ ।
संस्थाको कार्यालय रहने स्थान :.................................................
दमक नगरपालिका वार्ड नं.........,     टोलको नाम...........................

संयोजक
नाम
मिति

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु**

क) संस्थाको विधानको मस्यौदा
ख) आवेदक र समितिका पदाधिकारी हरुको नेपाली नागरिकताको प्रतिलिपि
ग) संस्थाको छापको नमूना
घ) नगरपालिकाको क्षेत्रमा बसोबास गरेको प्रमाण
ङ) तिन पुस्ते विवरणात्मक फारम

दफा ७ को उपदफा ६ संग सम्बन्धित

## अनुसूची २

## सहकारी संस्था दर्ता प्रमाण पत्र

दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय ,

# संस्था दर्ता प्रमाण पत्र

संस्थाको नाम :...............................................................
ठेगाना :.........................................................
सहकारीको किसिम.........................................
कार्य क्षेत्र ...........................................

दर्ता हुदाका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्या :
दर्ता हुदाका बखत रहनु भएको अध्यक्षको नाम :

माथि उल्लिखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी सस्था दर्ताको प्रमाण पत्र प्रदान गरीएकोछ ।

प्रमुख प्रशासकीय अधिकृत
दमक नगरपालिका, झापा

प्रदेश नं.१

**आज्ञाले**
**गणेश प्रसाद तिम्सिना**
**प्रमुख प्रशासकीय अधिकृत**